नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

www.emadheshdristi.com
Madheshdristi National Daily

● वर्ष १ ● अंक २६८ ● २०८० साल साउन २३ गते मंगलबार ● Tuesday 08, August 2023 ● सूर्योदय: बिहान ५:३३ बजे ● सूर्यास्त: साँझ ६:४९ बजे ● पृष्ठ ८ ● मूल्य रु. ५/-

मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

खुशहाल किसान, समृद्ध नेपाल
यहि हो "त्रिशक्ति"को कमाल
त्रिशक्ति ट्रेक्टर

# सञ्चालकहरुको विवादले बिआइटी कलेज संकटग्रस्त

## विवाद नमिले विद्यार्थी भर्ना रोकिने परिषद्को चेतावनी



**राजीनामा दिन लगाइयो**

सञ्चालक रामबाबु भन्छन्, 'म डिप्रेसनमा पनि थिएँ, राजीनामा गर्न लगाइयो, केही रकम पनि दिए, किनबेचको कुरा थियो, पछि निर्णय गर्नु भने । पैसा खर्च गरेँ तर सञ्चालकहरुले तत्काल रकम मागे । बैनाको कागज थिएन । पैसा बुझाउँदा अरु ब्याज लिए, कलेजको शेयर रहोस् भन्दा मलाई बाहिर राखे । १५ वर्ष मैले चलाउँदा मुनाफामा रहेको कलेजको पछिल्लो ३ वर्षको हिसाबकिताब केही पनि छैन । मलाई बाहिर राखेर मेरो शेयरमा उहाँहरु मस्ती गरिरहनु भएको छ ।

उनी भन्छन्, 'साधारण सभा र वार्षिक सभामा सूचना आएन । २१ दिन अगाडि चिठी पठाउनु पर्ने नियम मिचियो ।' रामबाबु कलेजमा नन्दु समूहको ६२.८४ प्रतिशत शेयर किनेर कलेज एकलौटी चलाउन पनि तयार छन्, अथवा आफ्नो ३७.१६ प्रतिशत शेयरबापतको रकम हिसाब गरेर बिदा हुन पनि तयार छन् । तर नन्दु समूहले ३ वर्षदेखि उनलाई कुनै प्रतिक्रिया, मुनाफा, हिसाबकिताब नदिएको उनको आरोप छ ।

उनले भने, 'साउन २८ गतेभित्र शेयरधनी मिलेर आउनू भनिएको छ, नभए कलेज बन्द हुने अवस्था छ, तर सञ्चालकहरु मौन बसेका छन् । जति उनीहरु मौन बस्छन्, त्यति मलाई फाइदा हुन्छ, कलेजको सम्पत्तिको मूल्य बढ्दा सबैलाई हिस्सा भाग पर्छ ।' उनले भने, 'एक हप्ताभित्र सबै शेयर किनेर चलाउन दिए पनि हुन्छ, मेरो हिसाब गरेर रकम दिए पनि हुन्छ, अरु के भनुँ यो भन्दा ?'



**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज इन्स्टिच्युट अफ टेक्नोलोजी (बिआइटी)का सञ्चालकहरुको विवाद सतहमा आएको छ । सञ्चालकहरुको विवादका कारण कलेजले भर्ना खोले पनि विद्यार्थीहरुको आकर्षण कम देखिएको छ भने तत्काल सञ्चालकलाई विवाद मिलाउन प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्ले अल्टिमेटम दिएको छ ।
सिभिल इन्जिनिरिङ, कम्प्युटर इन्जिनियरिङ, इलेक्ट्रिकल इन्जिनियरिङ, इलेक्ट्रिकल एण्ड इलेक्ट्रोनिक इन्जिनियरिङ र मेकानिकल इन्जिनियरिङको पढाइ हुने कलेजमा प्रत्येक विधामा ४८ विद्यार्थी अध्ययन गर्ने कोटा छ । पाँच विद्यार्थीलाई छात्रवृत्ति दिइनु पर्छ भने एक विद्यार्थीले कम्तीमा एक लाख रुपैयाँ सालको फि बुझाउँछन् । यसरी हिसाब गर्दा सालभरमा २ करोड १५ लाख रुपैयाँ विद्यार्थीबाट पाउने कलेजका सञ्चालकहरुको सम्पत्ति विवादले भर्ना नै प्रभावित हुन पुगेको छ । परिषद्ले साउन २८ गतेभित्र शेयरधनीको विवाद सुल्झाएर सम्पर्कमा आउन भनेपछि कलेजको विवाद अरु छताछुल्ल भएको छ र प्राविधिक शिक्षामा राम्रो नाम कमाएको कलेज अहिले संकटग्रस्त अवस्थामा पुगेको छ । परिषद्का निर्देशक टेलेन्द्र आचार्यले लेखेका पत्रमा भनिएको छ, 'साउन २८ गतेभित्र विवाद समाधान नभए आर्थिक वर्ष २०८०/८१ को भर्ना प्रक्रिया नै स्थगन हुने छ ।'

**के हो विवाद ?**
कलेज स्थापनादेखिका सञ्चालक हुन् रामबाबु प्रसाद । उनले आत्मरामप्रसाद साह, कालिका सिंहसँग मिलेर २०५६ सालमा कलेज स्थापना गरेका हुन् । आत्मराम शेयर बेचेर बाहिरिए भने २०६३ डा. हरिशंकर प्रसाद साह थपिए । पछि २०६३ मा शेयरधनी बनेर नन्दकिशोर प्रसाद श्रीवास्तव थपिए र बोर्ड अध्यक्ष उनै छन् । रामबाबु प्रसाद, नन्द किशोर सिंह, नवल किशोर सिंह, मनिष सिंह कलेजका सञ्चालक हुन् । पछिल्लो ३ वर्षदेखि कलेजमा सम्पत्तिको विवाद देखिएको छ । कलेजमा ३७.१६ प्रतिशत शेयर रहेका रामबाबु पछिल्लो तीन वर्षदेखि आफ्नो शेयर बराबरको रकम लिएर बाहिरिन या बाँकी ६२ प्रतिशत भन्दा बढी शेयर किन्न तयार छन् । तर बाँकी सञ्चालकहरु रामबाबुको प्रस्ताव मानिरहेका छैनन् । दुई वर्षदेखि सञ्चालक रामबाबुलाई कुनै पत्राचार, जानकारी, खबर छैन । यही विषयमा रामबाबु प्रसाद २०७९ पुसमा कम्पनी रजिस्ट्रार कार्यालयमा उजुरी गर्न पुगे । कलेजको शेयर बाँडफाँड, किनबेच या भागवण्डा विवादमै कलेज फसेको हो ।

**कति छ कलेजको सम्पत्ति ?**
वीरगंज महानगरमा कलेको १३ कठ्ठा जग्गा छ । अहिलेको बजार भाउ १० लाख रुपैयाँ धुर राख्ने हो भने पनि २६ करोड रुपैयाँ जग्गाको हुन्छ । ५ वटा कार्यक्रम छन् डिप्लोमाका । वर्षमा ४३ जना एउटा कार्यक्रममा पढ्दा एकलाख रुपैयाँदेखि १ लाख २० हजार रुपैयाँसम्म तिर्छन् । कलेजको भवन, अन्य सम्पत्तिको कुरा गर्दा कम्तीमा चार करोड रुपैयाँ मात्र राख्दा पनि ३० करोड रुपैयाँको हिसाब गरेर रामबाबुले आफ्नो हिस्सा मागेका हुन् । बाँकी ६२ प्रतिशत शेयरको १८ करोड रुपैयाँ दिन पनि रामबाबु तयार छन् ।



**के भन्छन् सचालकहरु ?**

कलेजका अध्यक्ष नन्दकिशोर प्रसाद श्रीवास्तव (नन्दु) सञ्चालक रामबाबु प्रसादले नै विवाद गर्दा समस्या भएको बताउँछन् । उनी भन्छन्, '२ वर्षअगाडि हिसाबकिताब गरेर केही पैसा पनि दिइएको हो, पछि उहाँले पैसा फिर्ता दिनु भयो, ब्याज पनि दिनु भयो तर विवाद समाधान भएन ।' उनले भने, 'सञ्चालकहरुको विवादले कलेज बन्द हुँदा सबैभन्दा बढी मार त उहाँलाई नै पर्छ ।' उनले आफूहरु शेयर बेच्न तयार नभएको र रामबाबुको शेयरको हिसाब तत्काल दिन पनि कठिन रहेको बताए ।

# बजेट खर्च गर्नेमा वीरगंज अगाडि



**मधेशदृष्टि**
**वीरगंज ।**
मुलुकका ६ महानगरपालिकामध्ये वीरगंज महानगरपालिकाले गत आर्थिक वर्ष २०७९÷८० मा विनियोजित बजेटमध्ये सबैभन्दा बढी खर्च गरेको छ ।
देशका अन्य महानगरपालिकामध्ये वीरगंज महानगरपालिकाको बजेट खर्च गर्ने क्षमता सबैभन्दा बढी देखिएको हो । गत आर्थिक वर्षमा वीरगंज महानगरपालिकाले ८० प्रतिशत बजेट खर्च गरेको छ । गत आर्थिक वर्ष २०७९÷८० मा वीरगंज महानगरपालिकाको बजेट ४ अर्ब ४६ करोडमध्ये ३ अर्ब ५५ करोड रुपैयाँ खर्च भएको छ । यो कुल बजेटको ७९ दशमलव ६ प्रतिशत खर्च भएको महानगरपालिकाले जनाएको छ ।
वीरगंज महानगरपालिकाको बजेटमध्ये २ अर्ब ५६ करोड रुपैयाँ चालुतर्फ विनियोजन भएको थियो । त्यसमध्ये २ अर्ब २९ करोड खर्च भएको जानकारी महानगरपालिकाका लेखा अधिकृत रुपनारायण राउतले दिए । यो कुल बजेटको ८९ दशमलव ५ प्रतिशत हो । त्यस्तै, पूँजीगत खर्चका लागि १ अर्ब ९० करोड बजेट विनियोजन भएकोमा १ अर्ब २६ करोड रुपैयाँ खर्च भएको छ । यो कुल बजेटको ६६ दशमलव ३ प्रतिशत हो ।
वीरगंज महानगरले बजेटको स्रोत उपयोग गर्ने स्रोतमध्ये अघिल्लो आर्थिक वर्षको बचतबाट १ अर्ब ६ करोड रुपैयाँ ल्याएको थियो । त्यस्तै, आन्तरिक राजस्वको लक्ष्य ६० करोड राखेकोमा ५७ करोड असुली गरेको वीरगंज महानगरपालिकाले जनाएको छ । यस्तै, संघीय सरकारबाट प्राप्त हुने अनुदान, राजस्व बाँडफाँट, सशर्त र विशेष अनुदान महानगरले राखेको लक्ष्यअनुसार प्राप्त भएको राउतले बताए ।
वीरगंज महानगरपालिकाले गत आर्थिक वर्षमा संघीय सरकारबाट वित्तीय समानीकरण अनुदान, राजस्व बाँडफाँट, समपूरक अनुदान, विशेष अनुदान र सशर्त अनुदान गरी जम्मा १ अर्ब ७० करोड ६२ लाख रुपैयाँको राजस्व लक्ष्य राखेको थियो ।
यस्तै, मधेश प्रदेश सरकारबाट वित्तीय समानीकरण अनुदान, राजस्व बाँडफाँट, समपूरक अनुदान, विशेष अनुदान र सशर्त अनुदानबाट ७ करोड ९८ लाख रुपैयाँको लक्ष्य राखेको थियो ।
गत आर्थिक वर्षमा देशकै सबैभन्दा ठूलो बजेट रहेको काठमाडौँ महानगरपालिकाको खर्च भने सबैभन्दा कम ३६ प्रतिशतमात्रै हुन सकेको छ । त्यसैगरी, विराटनगर महानगरपालिकाले ७६ प्रतिशत, पोखरा महानगरपालिकाले ६१ प्रतिशत खर्च गरेको छ भने भरतपुर महानगरपालिकाले ६७ प्रतिशत र ललितपुर महानगरपालिकाले ६५ प्रतिशत बजेट खर्च गरेका छन् ।




# संसदीय समितिमा भागवण्डा




**मधेशदृष्टि**
**काठमाडौँ ।**
संघीय संसदअन्तर्गत प्रतिनिधि सभाका १० र संयुक्त २ वटा संसदीय समितिको भागबण्डामा सत्तारुढ र प्रमुख विपक्षी दलबीच सहमति जुटेको छ ।
नेपाली कांग्रेस, नेकपा एमाले, माओवादी केन्द्र, जसपा, एकीकृत समाजवादी र जनमतले समितिको सभापति पाउने गरी भागबण्डा मिलाइएको हो ।
सोमबार बिहान बसेको माओवादी केन्द्रको संसदीय दलको बैठकमा समितिहरुको भागवण्डाबारे नेताहरुले जानकारी गराएका थिए । एक माओवादी सांसदका अनुसार बैठकमा प्रमुख सचेतक हितराज पाण्डेले सत्तारुढ र विपक्षी दलका प्रमुख सचेतकबीच भएको छलफलमा संसदीय समितिको भागवण्डामा कुरा मिलेको जानकारी गराएका थिए ।
भागवण्डा अनुसार संसदको सबभन्दा ठूलो दल नेपाली कांग्रेसले ४, प्रमुख प्रतिपक्षी दल एमालेले ३, नेकपा माओवादी केन्द्रले २ वटा समितिको सभापति पाउनेछन् ।
त्यसैगरी, जनता समाजवादी पार्टी, नेकपा एकीकृत समाजवादी र जनमत पार्टीले एक–एकवटा समितिको सभापति पाउनेछन् ।
सहमतिअनुसार लेखा समिति, महिला समिति र राज्यका निर्देशक सिद्धान्त समितिको सभापति प्रमुख प्रतिपक्षी दल नेकपा एमालेले पाउने छ ।
अर्थ, कृषि, संसदीय सुनुवाइ र राज्य व्यवस्था समिति नेपाली कांग्रेसले पाउने सहमति छ ।
यसैगरी, कानुन र विकास समिति माओवादी केन्द्रले, अन्तर्राष्ट्रिय सम्बन्ध समिति जसपाले, उद्योग समिति जनमतले र शिक्षा समितिको सभापति एकीकृत समाजवादीले पाउनेछ ।
अन्तर्राष्ट्रिय सम्बन्ध समिति जसपालाई दिने तयारी छ ।
प्रतिनिधिसभातर्फ १० वटा र संयुक्त २ वटा संसदीय समिति छन् । संसदको चौथो ठूलो दल राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) र पाँचौँ ठूलो दल राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) भने भागबण्डामा परेनन् ।

# अवरोध हटाउन छलफल गरिने



**मधेशदृष्टि**
**काठमाडौँ ।**
सत्तारुढ नेकपा माओवादी केन्द्रले सदनमा देखिएको अवरोध हटाउन सबै पक्षसँग छलफल गर्ने भएको छ । सिंहदरबारस्थित संसदीय दलको कार्यालयमा बसेको दलको बैठकले संसद् सञ्चालन गर्न प्रमुख प्रतिपक्षी दलका नेतालगायत सत्ता पक्षका शीर्ष नेतासँग छलफल गर्ने निर्णय गरेको मुख्य सचेतक हितराज पाण्डेले जानकारी दिए । बैठक अवरुद्ध सदन कसरी सञ्चालन गर्नेमा केन्द्रित भएको उनले बताए । मुख्य सचेतक पाण्डेले सदनलाई सञ्चालन गर्न विभिन्न तहमा छलफल र संवाद भइरहेको उल्लेख गर्दै सभामुख देवराज घिमिरेले राखेको बैठकमा सदन सञ्चालन गर्न सहमति जुट्ने विश्वास व्यक्त गरे ।
बैठकमा राष्ट्रियसभाका प्रमुख सचेतक गोपीबहादुर अछामीले सभाको गतिविधि र मुख्य सचेतक पाण्डेले प्रतिनिधिसभाको गतिविधिबारे जानकारी गराए । दुवै सदनका सचेतकको 'ब्रिफिङ' का सम्बन्धमा राष्ट्रियसभा र प्रतिनिधिसभाका १२ सांसदले धारणा राखे ।

# भौतिक पूर्वाधार र यातायात क्षेत्रमा बिचौलिया राज अन्त्य गरेका छौँ



*प्रकाश ज्वाला*

*मन्त्री, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय*

***सरकारले भौतिक पूर्वाधारको विकासलाई प्राथमिकताका साथ अगाडि बढाएको छ । विकासको पनि विकासका रुपमा लिइने यस क्षेत्रलाई महत्व दिइए पनि स्रोत र साधनको अभावका अपेक्षित प्रगति हुन भने सकेको छैन । आयोजना जिम्मा लिने, समयमा काम नगर्ने प्रवृत्ति निर्माण व्यवसायीमा मौलाएको छ ।***

***यस्तै नौ लाख बढी नागरिक सवारी चालक अनुमतिपत्रको प्रतीक्षामा छन् । सवारी चालक अनुमतिपत्रको नवीकरणमा पनि उस्तै समस्या छ । प्रस्तुत छ, मुलुकको समग्र यातायात क्षेत्र र भौतिक पूर्वाधारका क्षेत्रमा केन्द्रित रहेर रमेश लम्सालले भौतिक पूर्वाधार तथा यातायातमन्त्री प्रकाश ज्वालासँग गरेको अन्तर्वार्ताको सम्पादित अंशः***

**नागढुङ्गा–सिस्नेखोला सुरुङको 'रेस्क्यू टनेल' को आज 'ब्रेक थ्रू' हुँदैछ, बाँकी काम कहिलेसम्म पूरा होला ?**

नागढुङ्गा–सिस्नेखोला सुरुङमार्गको 'रेस्क्यू सुरुङ (उद्धार सुरुङ) को आज 'ब्रेक थ्रू' हुने भएको छ । यो आयोजना विसं २०७६ कात्तिक ४ गते सुरुङको शिलान्यास भएको थियो । 'रेस्क्यू टनेल' आज खनिसकिने छ । आज दिउँसोसम्म एक मिटरमात्र काम बाँकी रहेको थियो । साढे दुई किलोमिटर लम्बाइ रहेको नागढुङ्गा–सिस्नेखोला सुरुङ मार्गको 'रेस्क्यू टनेल' सँगै मुख्य सुरुङको काम पनि अब १८ प्रतिशत मात्र बाँकी रहेको छ । दुई दशमलव छ किमी लम्बाइ रहेको मुख्य सुरुङको पाँच सय छ मिटर बाँकी रहेको छ । चार महिनाभित्र मुख्य टनेल खुल्छ । आगामी एक वर्षभित्र यहाँ सवारीसाधन चलाउन सकिन्छ ।

**देशका अन्य स्थानमा पनि सुरुङमार्ग निर्माण गर्ने कुरा धेरै वर्षदेखि चर्चामा आए पनि निर्माणमा देखिएको ढिलाइप्रति यहाँको टिप्पणी के छ ?**

मुलुक सुरुङमार्गको युगमा प्रवेश गरेको छ । यातायातका लागि सुरुङ निर्माण सुरु भएको छ । नमुना आयोजनाका रुपमा नागढुङ्गा–सिस्नेखोला सुरुङमार्ग निर्माण भइरहेको छ । देशका अन्य स्थानमा पनि सुरुङमार्ग आयोजनाको सम्भाव्यता अध्ययन गर्ने र अगाडि बढाउने क्रममा छौँ ।

**सरकारले विभिन्न स्थानमा रेलसेवा सञ्चालन गर्नका लागि आवश्यक लगानी र प्राविधिक गृहकार्यलाई कसरी अगाडि बढाउँदै हुनुहुन्छ ?**

हालै मात्र हामीले कुर्था भङ्गाहासम्म रेल सञ्चालनमा ल्याएका छौँ । छिटै यो बर्दिवाससम्म चल्छ । विराटनगरसम्म पनि कार्गो रेल सञ्चालनमा आउँछ । अब हाम्रो मुख्य ध्यान भनेको रक्सोल–काठमाडौँ रेलसेवा हो । त्यसको विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) पनि बनिसकेको छ । भारत सरकारले त्यसमा सहयोग गरेको छ । त्यस्तै केरुङ–काठमाडौँ रेल सेवाका लागि अध्ययन भइरहेको छ । काठमाडौँलाई केन्द्रबिन्दु बनाएर त्रिदेशीय रेलसेवा अगाडि बढाउने हाम्रो योजना छ । त्यसअनुसार काम अगाडि बढिरहेको छ । पूर्व–पश्चिम रेलसेवा पनि हाम्रो प्राथमिकतामा छ । सरकारले दीर्घकालीन सोचका साथ विभिन्न रेल आयोजनालाई अगाडि बढाएको छ ।

**रेलसेवाका नाममा लामो समयदेखि जग्गा रोक्का गरेर राख्ने गर्दा जग्गाधनीले दुःख पाएको गुनासो छ नी ?**

पूर्व–पश्चिम रेलमार्गको विशेषगरी झापा, मोरङ, सुनसरीमा त्यस खालको समस्या थियो । रेलमार्गको काम अगाडि नबढेको तर जग्गा रोक्का भएको अवस्था थियो । हामीले अधिग्रहण गरेको जग्गा स्वाभाविकरुपमा सरकारको नाममा आएको छ नै । रोक्का भएको जनताको जग्गा फुकुवा गरिसकेका छौँ । अब त्यस्तो अवस्था छैन ।

**मुलुकको भौतिक पूर्वाधार विकासका क्षेत्रमा के–कस्ता समस्या रहेका छन्, त्यसको समाधानका लागि के–कस्ता प्रयास गर्नुभएको छ ?**

यो मन्त्रालयको जिम्मेवारी सम्हालिसकेपछि मैले केही प्रतिबद्धता गरेको थिएँ । सोहीअनुसार नै काम अगाडि बढेको छ । खासगरी यो बीचमा हामी बजेट निर्माण, छलफल वा संसदीय प्रक्रियामा सहभागी भयौँ । अघिल्लो पटक बनेको बजेटमा काम गर्दा प्रतिबद्धताअनुसार काम गरियो । हामीले यसबीचमा नारायणगढ–बुटवल सडकखण्ड, कान्ति राजमार्ग, चक्रपथलगायतका आयोजनामा स्थलगत अनुगमन ग¥यौँ । कमला पुललगायतको अनुगमन गरेका थियौँ । योजनाको छनोट गर्दा, बजेट विनियोजन गर्दा वा प्राथमिकता तय गर्दा नै कमजोरी रहेको पाइएको छ । योजनाको तयारीदेखि बोलपत्र वा कार्यान्वयनको तयारीका क्रममा पनि समस्या रहेको छ । अनुगमनमा पनि उस्तै समस्या छ । सार्वजनिक खरिद ऐनमा पनि समस्या छ । यो ऐनले वर्तमानरुपमा विकास निर्माणको कामलाई सम्बोधन गर्न सक्दैन । त्यसको समसामयिक सुधार गर्नु जरुरी छ । त्यसअनुसार नियमावलीलाई पनि सामूहिक सुधार गर्न आवश्यक छ ।

बिनातयारी योजनाको बोलपत्र गर्ने र बोलपत्र गरेर सडक निर्माणका लागि साइट क्लियर गर्न खोज्ने अवस्था छ । यो हुँदा समय लाग्ने भएकाले आयोजना अस्तव्यस्त हुने गरेको छ । अब हामी राम्रो काम गर्ने कर्मचारी, निर्माण व्यवसायीलाई पुरस्कृत गरेर प्रोत्साहन गर्ने कार्यक्रम अगाडि बढाउँदैछौँ । कतिपय व्यवसायीले राम्रो काम गरे पनि मोबिलाइजेशन पेस्की लिने र आयोजना स्थलमा नदेखिने, आयोजना अलपत्र पार्ने अवस्था छ । कतिपय आयोजना रुग्ण अवस्थामा छन् भने कतिपयको म्याद थप भइरहने काम नहुने अवस्था छ । त्यसको सुधार गरेर गति दिनु आवश्यक छ । कानुनी, नीतिगत, बजेटरी सबै खालका समस्या समाधान गरेर जानुपर्छ ।

**सरकारले अगाडि बढाएका अधिकांश आयोजनाको समयमा काम हुन सकेको छैन । ती आयोजनाका कारण यात्रुले कहिलेसम्म हैरानी भोगिरहनुपर्ने हो ?**

हो, केही आयोजनामा समस्या छ । तर, सबैमा त्यस्तो मात्रै छैन । हामी आउनु अगाडिसम्म अवस्था सामान्य थिएन । पूर्व–पश्चिम राजमार्गको नारायणगढ बुटबल सडकखण्ड सबैभन्दा व्यस्त सडक हो । निर्माण कार्य हामीले अनुमगन गरेपछि तीव्र रुपमा अगाडि बढेको छ । वर्षायाममा सवारी यातायात बन्द नहुने गरी काम अगाडि बढाइएको छ । डेढ वर्षभित्र सो आयोजना सम्पन्न हुने गरी कामलाई गति दिएका छौँ । मुग्लिन–पोखराखण्डको पश्चिमतर्फको खण्डमा समस्या छ । पूर्वी खण्डमा राम्रो प्रगति छ । त्यो समयमै सम्पन्न हुनेछ । नारायण–मुग्लिन सडक खण्ड सामान्य वर्षा हुनेबित्तिकै बन्द हुने गरेको छ । त्यसको विकल्पमा त्रिभुवन राजपथलाई पनि व्यवस्थित गर्दैछौँ । कान्ति राजपथको पनि काम सम्पन्न हुने चरणमा छ ।

यस्तै सूर्यविनायक–धुलिखेल सडकखण्डको पनि हामीले अनुमगन गरेर कामलाई गति दिएका छौँ । पछिल्लो तीन महिनाको बीचमा सुरुकोभन्दा धेरै राम्रो प्रगति भएको छ । अब हामी नयाँ बजेट कार्यान्वयन गर्न लागिपरेका छौ । समस्या रहेका ठाउँमा नै गएर निकास निकाल्दैछौँ । कमला, त्रियुगा, जब्दीघाट पुल निर्माणको काम अगाडि बढ्दैछ । भौतिक पूर्वाधारको काममा आजको भोलि नै प्रगति देखिंदैन । छ महिनाभित्र सबैले अनुभूति गर्ने गरी परिणाम निस्कनेछ । कानुनी, नीतिगत कुरालाई पनि समाधान गर्छौं । रुग्ण रहेका आयोजनालाई गति दिन्छौ । आयोजना अलपत्र पार्नेलाई काम गर्ने भए एकपटक मौका दिन्छौँ, नभए वैकल्पिक व्यवस्था गरेर जान्छौँ । घोराही–लुल्सीपुर सडकखण्ड जस्तै ठेक्का खारेज गरेर अगाडि बढ्छौँ । अब काम नगर्ने, ठेक्का मात्र ओगटेर बस्ने प्रवृत्तिको अन्त्य हुन्छ । काठमाडौँमा सडकमा रहेका खाल्डाखुल्डी पुरेका छौँ । पुल र सडकलाई असर नपर्ने गरी खानेपानी र नेपाल विद्युत् प्राधिकरणलाई काम गर्न भनेका छौँ ।

चक्रपथ विस्तारका लागि पनि पहल भइरहेको छ । हामीले चिनियाँ राजदूतसहित गएर अनुमगनसमेत ग¥यौँ । त्यसका लागि ठेक्का प्रक्रिया अगाडि बढाउन लागिएको छ । यस्तै ढुङ्गेधारा, वसुन्धारा, नयाँ बसपार्कमा अण्डरपास निर्माण गर्न चिनियाँ पक्षले प्रतिबद्धता जनाएको छ । भक्तपुर–नगरकोट सडकको पनि काम अगाडि बढेको छ । नियमित कामका अलावा मनसुनका समयमा बाढी, पहिरोले सडक र पुलमा क्षति पु¥याउने अवस्था छ । पूर्वी नेपालमा आएको बाढी पहिरोका कारण अवरुद्ध भएको मेची राजमार्ग खुलाउन बेलिब्रिज जडान गरेका छौँ । वर्षाको समयमा कहाँ घटना घट्छ, बाढी पहिरोका कारण समस्या पर्छ, त्यसतर्फ ध्यान दिनुपर्ने हुन्छ । वर्षभरि काम नगर्ने, असार लागेपछि काम गर्ने, हतारमा गरिएको निर्माणको काम टिकाउ हुँदैन, तैपनि भुक्तानी पनि दिनुपर्ने अवस्था छ । असारे विकासलाई हामीले रोक लगाएका छौँ । जेठ मसान्तसम्म काम गर्ने वातावरण बनाउँदैछौँ ।

**विकास निर्माणको काममा प्राविधिक, कानुनी वा अरु कुन खालका समस्या हुन् भन्ने ठान्नुहुन्छ ? त्यसलाई समाधानका लागि के कसरी अगाडि बढाउने सङ्कल्प लिनुभएको छ ?**

हामी नेपालीमा जसले जे जिम्मेवारी लिएको हो, त्यसलाई पूरा नगर्ने र अरुलाई दोष लगाएर पन्छने प्रवृत्ति छ । हामीमा आत्मविश्वासको पनि कमी छ । मेरो दायित्व हो भन्ने विश्वास हरेक क्षेत्रमा दिलाउनु आवश्यक छ । कतिपय कानुनी र नीतिगत समस्या पनि छन् । त्यसलाई सुधार गर्नु छ । धेरै ठूलाठूला आयोजना अगाडि बढाउनुपर्ने महत्वाकाङ्क्षा पनि छ । बजेटको उपलब्धता नहुँदा योजना अगाडि बढाउन समस्या छ । हाम्रा संरचना पनि त्यस्तै छन् । आवश्यक परेको ठाउँमा काम गर्ने संरचना छैन । कतिपय स्थानमा कार्यालय राखिएको छ, प्राविधिक कर्मचारी छैनन् । यस क्षेत्रका मुख्य समस्या पहिचान गरेर समाधान गर्न लागिपरेका छौँ ।

धुलिखेल–सूर्यविनायक सडकखण्ड स्रोतको प्रबन्ध नै नगरी अगाडि बढाएको अवस्था छ ।

**अन्य आयोजनाको अवस्था पनि त्यस्तै छ । स्रोत नै नभएको आयोजनालाई कसरी अगाडि बढाउन सकिएला ?**

हो, केही आयोजनामा समस्या छ । सो सडक खण्ड असाध्यै न्यून ब्याजदरमा जापान सरकारको तर्फबाट अगाडि बढाउने प्रस्ताव आएको थियो । त्यतिबेलाको राजनीतिक नेतृत्वलाई के लाग्यो । सो आयोजना नेपाली स्रोतमा नै निर्माण गर्ने भनियो । जापानको सहयोग लिने अवस्था बनेन । नेपालले बनाउने भनियो, तर बजेटको प्रबन्ध गरिएन । सो आयोजना हाम्रा लागि विचारणीय बनेको छ । अरु आयोजनामा पनि अवस्था त्यस्तै छ । यसपटक पनि अपेक्षित बजेट उपलब्ध हुन सकेन । योजना तयारी नै नगरी वा बजेट नै नभए पनि बोलपत्रमा जाने । अब त्यस्ता आयोजनालाई सहज बनाउँदै छौँ । चालु आवमा समस्या समाधान गर्ने र लयमा लैजान लागिपरेका छाँ ।

**करिब नौ लाख मानिस सवारी चालक अनुमतिपत्रको प्रतीक्षामा छन् । सवारी चालक अनुमतिपत्रको नवीकरणका लागि उस्तै समस्या छ । यसतर्फ के गृहकार्य भएका छन् त ?**

यातायात क्षेत्रमा रहेको समस्या समाधानका लागि हालका उपप्रधानमन्त्री एवं गृहमन्त्री नारायणकाजी श्रेष्ठले कार्यदल नै बनाएर काम सुरु गर्नुभएको थियो । पूर्वाधार, सुशासन र यातायात व्यवस्थाका सम्बन्धमा कार्यदल बनाएर काम सुरु भएको छ । त्यसमध्ये केहीको सुझाव पनि आइसकेको छ । यातायात क्षेत्र धेरै अस्तव्यस्त थियो । यस क्षेत्रमा सुधार र सुशासन कायम गर्नु आवश्यक छ । त्यसभित्रको मूल विषय भनेको स्मार्ट लाइसेन्स हो । त्यसमा ढिलाइ भएको छ । मैले मन्त्रालय सम्हालेपछि थप एक प्रिन्टरका लागि ठेक्का भएको छ । रहेको प्रिन्टरलाई नियमितरुपमा सञ्चालन गरेर छिटोभन्दा छिटो स्मार्ट लाइसेन्स दिने तयारीमा छौँ । सङ्घीय र प्रदेश सरकार मिलेर एकीकृत रुपमा लाइसेन्सको समस्या छिट्टै समाधान गर्छौं । केही महिनाभित्रै यो समस्या समाधान हुन्छ । सवारी चालक अनुमतिपत्रको नवीकरणको अवधि पाँच वर्षबाट बढाएर १० वर्ष बनाएका छौँ । त्यसबाट चालकहरुले ठूलो राहतको महसुस गरेका छन् ।

त्यस्तै अब राजस्व अनलाइनबाटै बुझाउन सकिने हुँदा विचौलियाले दुःख दिने अवस्थाको अन्त्य भएको छ । यातायात व्यवस्था कार्यालय कास्कीबाट त्यो कामको सुरुआत भइसकेको छ । सार्वजनिक यातायातलाई व्यवस्थित गर्ने काम पनि सुरु भएको छ । कार्यालय समयमा सहजरुपमा सेवा प्रदान गर्ने उद्देश्यका साथ असोज १ गतेदेखि ¥यापिड बस सर्भिस सुरु गर्दैछौँ । स्वदेशमा उत्पादित सवारीसाधन नेपालमा नै दर्ताको प्रक्रिया अगाडि बढेको छ । यातायात क्षेत्रमा सहज सेवासुविधा पाउने, हिंसा र समस्याबाट जोगिने र सुशासन कायम गर्ने अभियान जारी छ ।

**यातायात क्षेत्रको सुधारका लागि सरकारका प्रयासहरुप्रति कसरी नागरिकलाई आश्वस्त तुल्याउनुहुन्छ ?**

सरकार देशलाई नै लाइनरहित बनाउने अभियानमा रहेको छ । केही स्थानमा त्यसको सकारात्मक सुरुआत पनि भइरहेको छ । नागरिकता, राहदानी, राजस्व तिर्दा लाइन लाग्ने, अस्पतालमा लाइन लाग्ने अवस्थाको अन्त्य गर्न लागिसकेको छ । लाइनविहीन यातायात व्यवस्था कार्यालय र विभाग बनाउन हाम्रो मन्त्रालय लागिपरेको छ । अनावश्यकरुपमा लाइन लाग्नुपर्ने, विचौलियालाई अनावश्यकरुपमा स्थान दिने अवस्थाको अन्त्य हुँदैछ । हामीले यो काम गर्नैपर्छ । हामी सफल हुन्छौँ । हामी फेसलेस अवस्थामा नै सेवाग्राहीले सहजरुपमा सेवा लिन सकून् भन्ने वातावरण बनाउन लागिपरेका छौ ।

**अनलाइनको नाममा कतिपय कार्यालयमा सेवाग्राही नै पुगेर पुनः लाइन लाग्नुपर्ने अवस्था छ । यसको समाधान कसरी गर्नुहुन्छ ?**

त्यसमा सुधार गर्नैपर्छ । त्यसमा केही आन्तरिक र केही प्राविधिक समस्या छन् । सरकारी तथ्याङ्कहरु एक आपसमा एकीकृत हुन सकेका छैनन् । व्यावहारिक कठिनाइ पनि उत्तिकै छ । त्यसलाई सुधार गरेर जाने दिशामा नै हामी लागिपरेका छौँ । अनलाइन प्रणालीबाट काम हुने सहज वातावरण हामी बनाउँछौँ ।

**सार्वजनिक यातायात क्षेत्रको सुधारका लागि प्राधिकरण स्थापना गर्नका लागि कानुनी प्रबन्ध भए पनि व्यावहारिकरुपमा काम अगाडि बढ्न नसकेको गुनासो पनि उत्तिकै छ । यस सम्बन्धमा सरकारले के काम गरिरहेको छ ?**

यातायात प्राधिकरणसम्बन्धी नीति र कानुन, यातायात, सवारी साधनसम्बन्धी कानुन प्रक्रियामा अगाडि बढाएका छौ । प्राधिकरणको काम अगाडि बढाइएको छ । यो छिटो गर्नु पर्छ । सुविधा र सेवा प्राप्त गर्ने गरी काम गर्नैपर्छ । हामी सडकको विवरण र जानकारी दुवै दिने एप बनाउँदैछौ । मन्त्रालयमा नै कल सेन्टर स्थापना गर्दैछौँ । त्यसबाट सरोकारवाला र सेवाग्राहीले गुनासो टिपाउन सक्नेछन् । राजमार्गमा शौचालयको प्रबन्ध, ट्राफिक लाइटको जडान, कोटेश्वरमा अण्डरपास निर्माणको काम अगाडि बढाउँदै छौँ । कतिपय पुल र सडकमा सौन्दर्यीकरण गर्ने काम अगाडि बढाउन लागिएको छ ।

**निजी सवारीसाधनको दुरुत्साहन गर्न सार्वजनिक यातायातलाई व्यवस्थित गर्नु जरुरी छ भन्ने बहस सुरु भएको पनि लामै समय भयो । यो क्षेत्रलाई सुधार गर्नेतर्फ तपाईंले के–कस्ता प्रयास अगाडि बढाउनुभएको छ ?**

सार्वजनिक सवारीसाधनलाई प्रोत्साहन गर्ने, त्यसलाई सहज बनाउने, त्यसमा रहेका समस्या समाधान गर्ने दिशामा हामी दत्तचित्त भएर लागिपरेका छौँ । यो हाम्रो जिम्मेवारी हो । सबैका निजी सवारीसाधन हुँदैनन्, त्यसकारण सार्वजनिक यातायातलाई नै व्यवस्थित गर्नुपर्छ । हामी साझा यातायातलाई पनि थप व्यवस्थित बनाएर लैजाने सोचका साथ काम गरेका छौँ । काठमाडौँ उपत्यकामा ¥यापिड बस सर्भिस सुरु गर्दैछौँ । प्रत्यक्षरुपमा आमजनतासँग जोडिएको विषय भएकाले हामी त्यसमा दृढ इच्छाशक्तिका साथ लागिपरेका छौँ ।

**सार्वजनिक सवारीसाधनले मनलाग्दीरुपमा भाडा लिएको भन्ने गुनासो छ । त्यसलाई दुरुत्साहन गर्नेतर्फ सरकारको के सोचेको छ ?**

पछिल्ला दिनमा त सवारीसाधनको भाडा पनि स्वचालित जस्तै भएको छ । कार्यान्वयन भएको छ कि छैन भनेर अनुमगन गर्ने विषयलाई प्राथमिकतामा राखेका छौँ । पेट्रोलियम पदार्थको मूल्य समायोजन हुनेबित्तिकै भाडा पनि समायोजन गर्ने प्रबन्ध गरिएको छ । तोकिएकोभन्दा बढी भाडा लिएको पाइए गुनासो गर्नका लागि मन्त्रालयमा छिटै कल सेन्टरको स्थापना गरिँदैछ ।

**अन्त्यमा केही भन्न चाहनु हुन्छ कि ?**

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको जिम्मेवारीमा आएपछि कसरी जनताका पक्षमा काम गर्न सकिन्छ भनेर रातदिन लागिपरेको छु । म इमान्दार प्रयास गर्नेछु । कुनै पनि गलत प्रवृत्तिको छायाँसमेत पर्न नदिने गरी काम भइरहेको छ । यो मन्त्रालय विकासको पनि विकास भएकाले राष्ट्रको समृद्धिको मुख्य आधारका रुपमा रहेको भौतिक विकासको कामलाई प्रभावकारीरुपमा अगाडि बढाउन लागिपरेका छौँ ।

# सुजुकी जिम्नी र फ्रोन्क्स जनकपुरधाम बजारमा लन्च




**मधेशदृष्टि**
**जनकपुरधाम ।**

नेपालमा लामो समयदेखि प्रतिक्षा गरिएको दुई सुजुकी एसयूभीहरु सुजुकी जिम्नी र फ्रोन्क्स जनकपुरधाम बजारमा लन्च भएको छ । दुई एसयूभीको टेस्ट ड्राइभ पनि अब ग्राहकले शोरुमबाट गर्न सकिने जनकपुरधामका लागि आधिकारिक डिलर रामजानकी ट्रेडर्सले जनाएको छ । नेपालका लागि सुजुकी ब्राण्ड चार पांग्रे सवारी साधानको आधिकारीक वितरण सीजी होल्डीङ्ग अन्तरगतको अटोमोटिभ डिभिजन सीजी मोटरर्कोप तथा सिजी नेक्सटजेनले यएयूभीहरु बुकिङ्ग असारको अन्तिम साता देखि खुल्ला गरेको थियो । कम्पनिले आक्रमक मूल्य रणनीति अपनाई मूल्य निर्धारण गरेको कम्पनीले जनाएको छ । जिम्नीको सुरुवाती मूल्य ५९ लाख ९९ हजार बाट र फ्रोन्क्सको मुल्य ३९ लाख ९९ हजार बाट सुरु गरिएको छ । सुजुकी जिम्नी नेपाल र अन्तराष्टिय बजारमा सबैभन्दा प्रतिक्षित कार मध्ये एक मानिएको छ । यो मोडेलको माग विश्वभर नै निकै रुचाइएको छ । सुजुकी जिम्नी अल्टिमेट अफ रोड एसयुभी हो जो हेभी ड्युटी ल्याडर फ्रेम चेसिसमा निर्मित छ । अफ रोड बाटोको लागि उतम हुने गरि डिजाईन र निर्मित जिम्नीले अहिलेको समयका लागि आधुनिक आरामदायी र सुरक्षित सुविधाहरु समावेश गरिएको छ ।

# निषाद वंशको पहिचान सम्बन्धी अन्तरक्रिया



**मधेशदृष्टि**
**जनकपुरधाम ।**

निषाद वंशको पहिचानको विषयमा जनकपुरधाममा अन्तरक्रिया कार्यक्रम गरिएको छ । विपिन मंडलको अध्यक्षतामा मंडल केवट सेवा आश्रममा निषाद वंशको पहिचान,अधिकार तथा सम्मान कार्यक्रमको आयोजना गरिएको छ । कार्यक्रममा केवट जातिको उत्पती,वर्तमान अवस्था तथा शैक्षिक,राजनीतिक र समाजीक पहिचानबारे वक्ताहरुले आ आफनो धारणा राखेका थिए । कार्यक्रममा विशिष्ट अतिथिको रुपमा दयाराम दास बाबा, आश्रमका संस्थापक रुपनारायण मंडल,पुर्व मेयर रामज्ञान मंडल,उपमेयर दुर्गीदेवी,किरण मंडल,ध्रुव लाल निषाद,वैधनाथ मंडल,नागेश्वर मंडल लगायतको उपस्थिती रहेको थियो ।

# करेन्ट लागेर महिलाको मृत्यु

**मधेशदृष्टि**
**सप्तरी ।**

खेतमा पानी पटाउनका लागि मोटर चलाउने क्रममा करेन्ट लागेर एक महिलाको मृत्यु भएको छ । सप्तरीको रुपनी गाउँपालिका वडा नम्बर ५ स्थित घुरगाम टोल बस्ने उपेन्द्र रामको श्रीमती ५१ वर्षिया पानो देवी रामको मृत्यु भएको हो । धान खेतमा पानी पटाउने क्रममा पानोदेवी मोटरको तार जोड्दा उनलाई करेन्ट लागेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ । यस सम्बन्धमा थप अनुसन्धान भइरहेको सप्तरी प्रहरीका प्रवक्ता तथा प्रहरी नायव उपरीक्षक नरेशकुमार सिंहले जनाएका छन् ।



# युवतीमाथि बलात्कार प्रयास आरोपित प्रहरी हिरासतमा




**मधेशदृष्टि**
**महोत्तरी ।**
महोत्तरीको बर्दिबासमा बलात्कार प्रयास गरेको भन्दै पीडित युवतीले स्थानीय रविन गौतम विरुद्ध इलाका प्रहरी कार्यालय बर्दिबासमा उजुरी दिएको छ ।
साउन १६ मा पीडित युवतीले जाहेरी दिए लगत्तै प्रहरीले आरोपित गौतमलाई अनुसन्धानको लागि पक्राउ गरेको थियो ।
आरोपित गौतमलाई ५ दिन हिरासतमा राखेर आइतबार महोत्तरी जिल्ला अदालतमा बुझाएको छ ।
आरोपित गौतमको किराना पसलमा पीडित युवती काम गर्ने गर्थिन् । पसलमा बसिरहेको समयमा गौतमले बलात्कार प्रयास गरेको युवतीको आरोप छ । १७ वर्षिया रहेकी पीडित युवती गौतमको पसलमा १ महिनादेखि काम गर्दै आएकी थिइन् । काम गर्ने बेलादेखि नै नजिक हुने र संवेदनशील अङ्गहरूमा छुने गरेको उनले बताइन् । युवतीको परिवारका अनुसार आरोपित भनिएका गौतमले गरेको यौन हर्कतको बारेमा साउन १५ गते भनेपछि थाहा भएको र १६ गते नै उजुरी दिइएको बताए ।
पैसाको लोभ देखाएर पटकपटक यौन प्रस्ताव पनि गर्ने गरेको पीडित युवतीकी मामाले भने । पीडित युवतीको अनुसार गत साउन १५ गते स्कुटर किनिदिन्छु भन्दै स्टोरमा सामान लिन गएको बेला जबर्जस्ती गर्ने प्रयास गरेको थियो । छोरीमाथि भएको अन्यायको लागी न्यायको लडाइ लडिरहेको र न्याय दिलाइदिन पीडितका बुबाले अपिल गरे । पीडित युवतिमाथि गरिएको यौन दुव्र्यवहारसहितको प्रमाण नष्ट गर्ने उद्धेश्यले सिसिटिभी फुटेज नै फम्र्याट गरेको देखिएको छ । प्रहरीले थप प्रमाण जुटाउनका लागि पसलमा रहेको सिसिटिभीमा कैद भएको भिडियो चेकजाँच गर्ने क्रममा डिलेट गरिएको छ ।
आरोपित गौतमको पसलमा भएको सिसिटिभीको हार्ड डिस्क भने प्रहरीले नियन्त्रण लिएको छ । हार्ड डिस्क रिकभरीको प्रक्रियामा रहेको इलाका प्रहरी कार्यालय बर्दिबासले जनाएको छ ।
यता आरोपित गौतमले भने आफ्नो काम गर्ने कर्मचारीलाई कुनै पनि यौनजन्य कार्य नगरेको प्रहरीमा बयान दिएको छ ।
तर प्रहरीले भने आरोपित गौतममाथि लगाइएको आरोप र पीडितले दिएको उजुरीको आधारमा छानबिन गरी छिट्टै नै निष्कर्षमा पुर्याउने जनाएको छ ।

# बजेट रकमान्तर तथा अनुदान वितरण प्रकरणमा छानबिन थालियो




**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेश सरकारले गत आर्थिक वर्षको अन्तिमसमयमा बजेट रकमान्तर तथा अनुदान वितरणमा अनियमितता गरेको भन्दै प्रदशेसभामा सत्तापक्षीय सांसदहरुलेसमेत व्यापक विरोध गरेपछि गठन भएको विशेष संसदीय छानविन समितिले काम थालेको छ ।
मधेश प्रदेशको अर्थ मन्त्रालयबाट प्राप्त भएको कागजात अध्ययन र छलफल सुरु भएको समितका सभापति प्रदेश सांसद उपेन्द्र महतोले जानकारी दिए ।
सोमबार बसेको समितिको बैठकमा छानबिनका लागि सुझाव लिन शुक्रबार सबै दलका नेतासंग छलफल गर्ने निर्णय गरेको जनाइएको छ ।
यसअघि समितिले मधेश प्रदेशको १३६ स्थानीय तहसँग प्रदेश सरकारबाट ससर्त अनुदानका लागि माग गरेको योजना बजेट र सरकारबाट प्राप्त भएको योजना बजेट विवरण माग गरेको छानविन समितिले जनाएको छ ।
अर्थ मन्त्रालयले स्थानीय तहलाई पठाएको ससर्त अनुदानमा अनियमितता भएको गुनासोपछि छानबिन गर्न गठित समितिले स्थानीय तहसँग समितिले कागजात माग गरेको उनले बताए । यस समितिले भदौ महिनाभित्र ससर्त अनुदान तथा बजेट रकमान्तरमा भएको अनियमितताबारे अध्ययन गरी प्रतिवेदन प्रदेशसभामा बुझाउनुपर्ने छ ।

# लागुऔषध गाँजासहित ७ पक्राउ



**मधेशदृष्टि**
**बारा ।**
बारामा ठुलो परिमाणमा अवैध लागूऔषध गाँजा सहित ७ जनालाई प्रहरीले नियन्त्रणमा लिएको छ । गाँजाको कारोबार भई पिकअप र स्कार्पियोमा लोड गरिएको सूचनाको आधारमा प्रहरीले जीतपुरसिमरा उपमहानगरपालिका वडा नम्बर २२ स्थित अमलेखगञ्जको जंगलबाट १ सय ५७ किलो गाँजा, ढुवानीमा प्रयोग गर्न लागिएको सवारी साधन सहित ७ जनालाई पक्राउ गरिएको बारा प्रहरीले पत्रकार सम्मेलन मार्फत जनाएको छ ।
पक्राउ पर्नेमा स्करर्पियो चालक मकवानपुर जिल्ला हेटौंडा उपमहानगरपालिका वडा नम्बर १ का रोशन नेगी, भिमफेदी गाउँपालिका वडा नम्बर ९ का मुकेश लामा, बारा जिल्ला जीतपुरसिमरा उपमहानगरपालिका वडा नम्बर २२ का बुद्ध पाख्रीन, भारत बहराईनका अलि अहमद भाट, मोतिहारीका जमालुदिन खान, देव कुमार र जागिरदिन मिया रहेको बाराका प्रहरी उपरीक्षक होबिन्द्र बोगटीले जनाएका छन् ।
कारोबारी सहित ढुवानीका साधन भारतीय नम्बर प्लेटको पिक अप भ्यान, नेपाली नम्बर प्लेटको स्कार्पियो बरामद भएको उनले बताए । करोबरीहरुले पिकअप र स्कार्पियोमा लोड गरी रहेको भन्ने सूचनाको आधारमा इलाका प्रहरी कार्यालय सिमरा, बाराका प्रहरी नायब उपरीक्षक प्रदीप बहादुर क्षेत्रीको कमान्डमा खटेको सुरक्षाकर्मीहरुको टोलीले सोमबार दिउँसो कारोबारी, गाँजा सहित ढुवानीको साधन बरामद गरेको उनले बताए ।

# अधिवक्ता पाण्डेको अभिव्यक्तिविरुद्ध प्रदर्शन




**मधेशदृष्टि**
**सर्लाही ।**
तामांग र मगर समुदायप्रति लक्षित गरी अधिवक्ता भगवती पाण्डेले दिएको अभिव्यक्ति विरुद्ध मलंगवा नगरमा प्रदर्शन भएको छ ।
नेपाल तामांग घेदुंग सर्लाही र नेपाल मगर संघ सर्लाहीले अधिवक्ता पाण्डेको आपत्तिजनक अभिव्यक्ति विरुद्ध संयुक्तरुपमा विरोध प्रदर्शन गरेका हुन् ।
एक टेलिभिजनमा अन्तरवार्ता दिने क्रममा अधिवक्ता पाण्डेले तामांग र मगर जातिमा हुने गरेको विवाहको संस्कृतिप्रति लक्षित गर्दै दिएको अभिव्यक्ति विरुद्ध तामांग र मगर समुदाय देशैभर आन्दोलित छन् । दआन्दोलनको उत्रिएका तामांग र मगर समुदायका प्रदर्शनकारीहरुले सदरमुकाम मलंगवाको शहीद चोकलगायतको स्थानको परिक्रमा गर्दै प्रमुख जिल्ला अअधिकारी इन्द्रदेव यादव मार्फत तीन सुत्रिय माग राख्दै गृहमन्त्री नारायणकाजी श्रेष्ठ प्रकाशलाई समेत ज्ञापन पत्र बुझाएका छन् ।

# राज्यको गलत नीतिका कारण खाद्यान्न संकट उत्पन्न



**मधेशदृष्टि**
**बारा ।**
नेपाली कांग्रेसका पूर्व महासमिति सदस्य कृष्णब्रत सिंहले राज्यको गलत नीतिका कारण वर्षेनी ५० अर्ब रुपैयाँको खाद्यान्न किन्नुपर्ने बाध्यता आएको बताएका छन् । सामाजिक अभियन्तासमेत रहेका स्थानीय काँग्रेसी नेता सिंहले विदेशबाट खाद्यान्न नआए नेपाली जनता भोकै मर्नुपर्ने बाध्यात्मक अवस्था सिर्जना भएको टिप्पणी गरे ।
चार दशक अघिसम्म छिमेकी मुलुक भारत र बंगलादेशमा नेपालको धान, चामल, दाल निर्यात हुने गरेपनि पछिल्लो समय वर्षेनी ५० अर्ब रुपैयाँभन्दा बढीको खाद्यान्न आयात हुँदै आएको उनले बताए ।
सामाजिक लोकतान्त्रिक अध्ययन केन्द्रका बाराका अध्यक्षसमेत रहेका सिंहले मधेस केन्द्रित राजनीतिले किसानलाई असर पारेको दावी गरे । उनले भने, ‘दलहरुको मधेस केन्द्रित राजनीतिले किसान र मजदुरबीच विभेद पैदा गरेर गलत राजनीतिक स्वार्थ पूरा गर्ने काम भएको छ । किसानलाई कमजोर बनाउँदा राजनीति आफ्नो हातमा आउने उद्धेश्यले पनि दलहरुले कृषि क्षेत्रलाई कमजोर बनाएको राजनीतिक दलमाथि आरोप लगाए । २०१५ सालसम्म राजनीति, खेतीपाती, व्यापार व्यवसायमा छुट्टाछुट्टै व्यक्तिहरु आवद्ध थिए तर केही वर्षदेखि एकै व्यक्ति सबै क्षेत्रमा जोडिएका छन् ।
तराईका कृषियोग्य जमिनलाई समयमै वर्गिकरण गरेर बसोबास क्षेत्र, कृषि भूमि, औद्योगिक क्षेत्र भनी छुट्याउन नसक्दा यस्तो समस्या आएको उनको भनाइ छ ।

रोजगार बनौं ! ADMISSION OPEN रोजगार बनौं !
जनकपुर अंचल भरिमै लगातार उत्कृष्ट रुपमा रिजल्ट ल्याउन सफल एकमात्र-सु-प्रसिद्ध तालिम केन्द्र
शंकर टेक्निकल
CTEVT द्वारा मान्यता प्राप्त
२०८०/०८१ मा डिप्लोमा तथा प्रि-डिप्लोमा तहको पूर्ण शुल्किय तर्फको आवेदन फारम भर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना।
DIPLOMA PROGRAMME
समान्य चिकित्सा (H.A.) - ३ वर्षे
आयुर्वेद समान्य चिकित्सा (A.H.A.) - ३ वर्षे
ल्याब टेक्निसियन (C.M.L.T.) - ३ वर्षे
PRE-DIPLOMA PROGRAMME
विद्युत सब-ओभरसियर (E.S.O.) - १८ महिने
सिभिल सब-ओभरसियर (C.S.O.) - १८ महिने
सर्भे ईन्जिनियरिङ्ग (अमिन नाप) - १८ महिने
कोषहरुमा Diploma को लागि S.L.C. पास तथा SEE मा न्यूनतम 2 GPA तथा प्रि डिप्लोमाको लागि S.L.C. पास तथा SEE मा E ग्रेड सम्मका विद्यार्थीहरु नयाँ भर्नाका लागि आजै सम्पर्क गरेर आ-आफ्नो सिट सुरक्षित राखी मौकाको फाइदा उठाउनुहोस्।
फारम भर्ने अन्तिम मिति : २०८० श्रावण २६ गतेसम्म।
Diploma को प्रवेश परीक्षा हुने मिति : २०८० भाद्र ६ गते विहान ८:०० बजे।
Pre-Diploma को २०८० भाद्र २ गते दिउँसो १ बजे।
सम्पर्क स्थान
शंकर टेक्निकल ट्रेनिङ्ग सेन्टर
जिरोमाइल (कवरगाह देखि दक्षिणपट्टी जाने बाटोमा) जनकपुरधाम-७
☎ 041-421362, मो.-9812091464, 9854020564, 9844038367

# सर्पले डस्दा बालकको मृत्यु



**मधेशदृष्टि**
**सर्लाही ।**
सर्लाहीमा एक बालकलाई विषालु सर्पले डस्दा मृत्यु भएको छ ।
जिल्लाको चन्द्रनगर गाउँपालिका वडा नम्बर ५ स्थित महोनपुर घर भएका नजामुद्दिन अन्सारीका १२ वर्षिय छोरा नुरसैद्दको विषालु सर्पले डस्दा मृत्यु भएको हो ।
चन्द्रनगरकै श्रीनगरस्थित मावली घरमा रहँदै आएका बालकलाई आइतबार राति सुतेकै ठाउँमा करेट प्रजातिको विषालु सर्पले टोकेको थियो ।
राति बालकसँगै सुतेका अन्य बालबालिकाले नुरसैद्दलाई कालो सर्पले कानमा टोकेको जानकारी अभिभावलाई गराएपछि ति बालकलाई उपचारको लागि सुरुमा नवलपुरस्थित सर्पदंश उपचार केन्द्रमा लगिएको थियो । बालकलाई भेन्टिलेटरमा राखेर उपचार गर्नुपर्ने अवस्था देखेपछि नवलपुरका स्वास्थकर्मीले उनलाई तुरुन्तै प्रादेशिक अस्पताल जनकपुरमा रेफर गरिएको थियो ।
उनको उपचार प्रदेशिक अस्पताल जनकपुरमा भइरहँदा राति नै बालकको मृत्यु भएको अस्पतालका चिकित्सकले पुष्टि गरेको छ ।
उपचारमा संलग्न रहेका चिकित्सकका अनुसार बालकको उपचारका लागि ढिला गरी ल्याएकाले उनको मृत्यु भएको बताएका छन् ।
सर्पदंश उपचार केन्द्र नवलपुरमा पनि आईसीयू र भेन्टिलेटर मेसिन रहेको छ । तर दक्ष प्राविधिक जनशक्तिको अभावका कारण चार वर्षदेखि कोठामा थन्काएर राखिएको छ ।

# श्रीराम सुगर मिल सञ्चालनमा ल्याउन उखु किसानको माग




**मधेशदृष्टि**
**रौतहट ।**
रौतहटमा रहेको श्रीराम सुगर मिलको विक्रि लिलामी टेण्डर खारेज गरी सञ्चालनमा ल्याउनका लागि माग गर्दै उखु किसान आन्दोलित भएका छन् ।
जिल्लाको गरुडा नगरपालिकास्थित श्रीराम सुगर मिल सञ्चालन ल्याउन र मिल बिक्रीको लिलामी टेन्डर खारेजीको माग गर्दै उखु उत्पादक संघ रौतहटले सोमबार सदरमुकाम गौरमा प्रदर्शन गरेका हुन् ।
हातमा उखु बोकेर सदरमुकाम गौर पुगेका जिल्लाभरका किसानले जिल्ला प्रशासन कार्यालय रौतहट पुगेर मिल सञ्चालन र मिल बिक्रीको टेन्डर रद्द गर्न माग राख्दै प्रमुख जिल्ला अधिकारीलाई ज्ञापन पत्र समेत बुझाएका छन् । करिब दुई वर्षदेखि बन्द रहेको मिल व्यवस्थापन पक्षले बिक्री गर्न लागेको भन्दै संघले पहल लिएको छ ।
उखु उत्पादक संघ रौतहटका अध्यक्ष अशोककुमार यादवले घाटा देखाएर ब्यवस्थापन पक्षले बन्द गरेको चिनी मिल लिलाम बिक्री गर्न लागिएकाले सञ्चालन गर्न ज्ञापन पत्र बुझाएको बताए ।
उखु उत्पादक संघ, उद्योग वाणिज्य संघ, विभिन्न संघसंस्थाका प्रतिनिधि श्रीराम सुगर मिल्सलाई बिक्री हुनबाट जोगाउन भन्दै प्रदर्शनसमेत गरेका छन् ।
प्रमुख जिल्ला अधिकारी धर्मेन्द्रकुमार मिश्रले संघले बुझाएको ज्ञापन पत्र माथिल्लो निकायमा पठाउने बताए ।
वर्षेनी घाटा ब्यहोर्नु परेको भन्दै करिब दुई वर्षदेखि बन्द श्रीराम सुगर मिलको अवस्था बुझ्न गत वर्ष नै संघीय संसदको श्रम हित उपभोक्ता तथा उद्योग समितिको टोली रौतहट आएको थियो ।
करोडौँ रुपैयाँको घाटा भएको जनाउँदै व्यवस्थापन पक्षले २०७७ साउन १० गतेबाट मिल बन्द गरेको थियो ।
व्यवस्थापन समितिले बारम्बार सूचना जारी गर्दै उद्योगले हरेक वर्ष करोडौँ घाटा ब्यहोर्दै आएको र वर्तमान परिस्थितिमा उद्योगमा कार्यरत श्रमिक कर्मचारीलाई न्यूनतम पारिश्रमिक तलब भत्ता, दिन समेत आर्थिक अभाव रहेको बताउँदै आएको थियो । यस मिलले अहिलेसम्म २ अर्ब १७ करोड ७५ लाख ५८ हजार रुपैयाँ घाटा ब्यहोरेको जनाएको छ ।

तपाईंको कुरा सुन्नेबेला यताउता हेर्ने मानिसको कहिल्यै विश्वास गर्नु हुँदैन ।

–चाणक्य

## सम्पादकीय

# पानी परेपछि मधेशका किसान खुसी

पानी परेपछि मधेशका किसान खुसी भएका छन् । आकाशे पानीको भरमा कृषिकर्म गर्दै आएका किसान साउनको तेस्रो साताबाट लगातार पानी परेपछि खुसी भएका हुन् । पछिल्लो समय पानी नपर्दा बालीनालीमा सिँचाई गर्न नपाउँदा मधेशका किसान चिन्तित बनेका थिए । एक त मधेशमा सिँचाईको सुविधा नहुनु, भएका बोरिङ, डिप बोरिङ, नदी, पोखरी पानी नपरेर सुकेका थिए । अन्नबालीमा समयमा पानी दिन नसक्दा खेतमा चिरा परेको थियो । नेपालको अन्नभण्डारका रुपमा रहेका तराई मधेशका जिल्लाहरुमा सिँचाईका पर्याप्त स्रोत र साधनहरु छैनन् । मधेश सरकारले कृषि र किसानहरुका लागि समयसमयमा विभिन्न योजनाहरु ल्याउने गरेको छ । तर, महिनैपिछे फेरिने मन्त्रीहरुले गर्दा योजनाहरुले मूर्तरुप लिन सकिरहेको छैन । किसानहरुले मल, बिउबिजनको समस्या त वर्षौंदेखि झेलिनै रहेका छन् । धेरथोर गरेर सीमापारीबाट कृषि सामग्री ल्याए पनि बेलैमा सिँचाई गर्न नसक्दा अन्नपातको खडेरी नै लाग्ला कि भन्ने चिन्तामा हुन्छन् । मधेशमा अधिकांशको आर्थिक अवस्था कृषिकर्ममा नै निर्भर छ । आकाशे पानीको भरमा खेतिपाती गर्ने किसानहरु अहिले पानी परेपछि बाली सप्रिने भन्दै खुसी भएका हुन् ।

साउन दोस्रो सातासम्म मधेशमा ५८ प्रतिशत धान रोपाइँ सकिएको तथ्यांक छ । तराई मधेशका जिल्लाहरुका सिँचाईका व्यवस्था हुने किसानहरुले दुई बालीसम्म खेती गर्छन् । नहुनेहरु आकाशे पानी कै भरमा एक बाली धान खेती गर्छन् । मधेश सरकारले किसानहरुलाई विभिन्न सेवा सुविधा दिने आश्वासन दिँदै आएको छ । निर्वाचनका बेला विभिन्न पार्टीका नेताहरुले सिँचाईका लागि डिप बोरिङ गर्ने, प्रत्येक खेतमा पानी पु¥याउने जस्ता नारा दिएर किसानका मत आफ्नो पक्षमा पार्ने होडमा देखिन्छन् । तर, सरकारमा गइसकेपछि न त उनीहरुले सिँचाईका लागि कुनै व्यवस्था गर्छन् न त बोरिङ चलाउन विद्युतको व्यवस्था गर्छन् । अहिले पनि अधिकांश किसानले पानी तान्नका लागि डिजेलको प्रयोग गर्छन् । बिघैबिघा जमिनमा दमकलले पानी पु¥याउन डिजेलको प्रयोग महंगो पर्ने गरेको किसानको गुनासो सुनिरहेकै हुन्छौँ ।

खेतीयोग्य जमिनमा सिँचाई गर्न विद्युतीय उपकरणको प्रयोग सस्तो पर्छ । तर, किसानहरुका लागि न त विद्युतको सुविधा छ भए पनि महंगो विद्युत महशुल । सरकारले किसानहरुका लागि धेरै गर्नु पर्ने पनि छैन । केबल समयमा मल, बिउ, सिँचाईको सुविधा उपलब्ध गराइदिनु प¥यो । अनि बाली बीमा कार्यक्रमलाई पूर्ण कार्यान्वयनमा ल्याउनु प¥यो । कुनैबेला पानी नपरेर खडेरी आउँछ त कुनै बेला धेरै पानी परेर बालीनाली नोक्सान हुने गरेको छ । किसानहरुले उब्जाउने अन्नपातको सुचिश्चितताका लागि पनि बाली बीमा आवश्यक छ । अनि उत्पादन भएका बालीको बजारीकरण पनि उतिकै महत्वपूर्ण छ । सरकारले किसानहरुले उत्पादन गरेका बालीको दरभाउ पनि तोकेको छ । तर, तोकिएको दरभाउमा किसानहरुले आफ्नो उत्पादन बिक्री वितरण गर्न पाउँदैनन् । यसतर्फ सरकारले अनुगमन गर्न आवश्यक छ ।

## लेखक वर्गमा अनुरोध

मधेशदृष्टि दैनिक यहाँहरूबाट नवीन, सिर्जनात्मक, तार्किक, दार्शनिक, समयसापेक्ष आलेखको अपेक्षा गर्दछ । मधेश प्रदेशलाई केन्द्रित गरेर राजनीतिक, सामाजिक, आर्थिकसहित अन्य क्षेत्रका विषयमा यहाँहरूले कलम चलाउन सक्नुहुनेछ । पठाउनु भएका लेख कम्तीमा ७ दिन अन्य सञ्चारमाध्यममा नपठाउनु हुन पनि अनुरोध गर्दछौँ । लेख पठाउँदा लेखकको तस्बिर, परिचय, सम्पर्क नम्बर अवश्य उल्लेख गर्नुहोला । लेखरचना एक हजार दुई शब्दसीमामा पठाउनु हुन पनि अपिल गर्दछौँ । हाम्रो इमेल ठेगाना हो: madheshdristi@gmail.com

# उस्तै छ, जातीय भेदभाव तथा छुवाछूत



सुशील दर्नाल

बझाङ जिल्लाको वित्थडचीर गाउँपालिका–७ स्यालढुङ्गास्थित बाहुनबबस्ती नजिकै स्थानीय पुड्के ओखेडाले २५ वर्षअघि अलिकति जग्गा खरिद गर्नुभएको थियो । उहाँले आफ्नै नाममा लालपूर्जा भएको त्यो जमिनमा घर बनाएर बस्ने सोच बनाउनुभयो । घर बनाउन सुरु पनि गर्नुभयो तर घर आधा बनाउँदै गर्दा स्थानीय गैरदलितहरुले आफ्नो घरको नजिक दलितले घर बनाएको भन्दै भत्काइदिए ।

आफ्नै जमिनमा घर निर्माण गर्न लाग्दा यही साउन १० गते स्थानीय कथित उपल्लो जात भन्नेहरुको झण्डै ४० बढीको समूहले दलित भएकै कारण 'हाम्रो घर नजिक किन घर बनाएको' भन्दै उहाँको निर्माणाधीन घर भत्काएका थिए । पच्चीस वर्षअघि खरिद गरेको आफ्नो जमिनमा घर निर्माण गर्न खोज्दा भत्काउने मात्र होइन पीडित ओखेडाको बालीनाली समेत नष्ट गर्ने र कुटपिट तथा गालीगलौज पनि गरियो । पीडित ओखेडाले भन्नुभयो, 'मेरो नाममा रहेको जमिन हो, यहाँका उपल्लो जातका भन्नेहरुले बन्दै गरेको घर भत्कार, बालीनाली नष्ट गरेर दलित, तल्लो जात भनेर अनेक गालीगलौज गरे ।'

कैलाली जिल्लाको गैरीगङ्गा नगरपालिका–७ की सरस्वती खड्का र गोदावरी नगरपालिका–९ का सुरेश विश्वकर्माको बीचमा २०७९ फागुन २९ गते अन्तरजातीय विवाह भएकामा उहाँहरुलाई पछिल्लो समयमा काठमाडौँस्थित गौशाला प्रहरी वृत्तका प्रहरी स्वंयले 'खड्काकी छोरी भएर कामीसँग विवाह गर्न लाज लाग्दैन' भन्दै दुव्र्यबहार गरेका थिए । यस घटनाले सुरेश र सरस्वती दुवै मानसिक तनावमा छन् भने सुरेशको आमा र भाइ कैलालीमा सुरक्षाको माग गरिरहेका छन् ।

जुम्ला जिल्लाको तातोपानी गाउँपालिका–४ गिडीखोलका २१ वर्षीय मुकुन्द नेपाली र सोही स्थानकी बसन्ती गिरीबीचको प्रेम सम्बन्धलाई लिएर यही असार १५ गते मुकुन्द नेपालीको घरमा आगजनी गरिएको घटना छ । प्रेम सम्बन्धको विषयलाई लिएर मुकुन्दको घरमा केटी पक्षका आफन्तले रातको समयमा आगजनी गरेका थिए । सो आगजनीबाट मानवीय क्षति नभए पनि पीडित नेपालीको घर पूर्ण रुपमा क्षतिग्रस्त भएको छ । उक्त घटनाका कारण गिडिखोलका करिव २८ घरधुरी दलित समुदाय अहिले पनि त्रसित अवस्थामा छन् । जातीय भेदभाव तथा छुवाछूतका यी घटनाहरु उदाहरण मात्रै हुन् ।

संविधानको प्रस्तावनामै 'सबै प्रकारका जातीय छुवाछूतको अन्त्य गरी सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाज निर्माण गर्ने' भनिए पनि जातीय भेद्भाव तथा छुवाछूतका घटनाहरु देशैभरि भइरहेका छन् । वैज्ञानिक समाजवादी कम्युनिष्ट पार्टीका संयोजक विश्वभक्त दुलाल 'आहुती' ले दलित समुदायको आर्थिक र सामाजिक अवस्थामा सुधार नआएसम्म उनीहरुले भोग्दै आएको जातीय भेद्भाव तथा छुवाछूतको समस्या समाधान हुन नसक्ने बताउनुभयो ।

मुलुकमा सङ्घीय लोकतान्त्रिक गणतन्त्रको अभ्यास भइरेको छ । सामाजिक न्यायमा आधारित समाज निर्माणसँगै मुलुकलाई आर्थिक विकासको बाटोमा अगाडि बढाउने भनिएको छ । तर कूल जनसङ्ख्याको १४ प्रतिशत दलित समुदाय अहिले पनि विभेदको जीवन बाँचिरहेको छ । सदियौँदेखि आर्थिक, सामाजिक र राजनीतिक रुपमा पछाडि पारिएको दलित समुदायले सांस्कृतिक रुपमा जरा गाडेर बसेको छुवाछूतको शिकार बन्नु परेको छ ।

छुवाछूत मात्रै नभएर दलित समुदायको आर्थिक, सामाजिक, सांस्कृतिक र राजनीतिकलगायत समग्र समस्यालाई एकमुस्ट रुपमा समाधान गर्नुपर्ने संयोजक 'आहुती' को भनाइ छ । नेपालको संविधान २०७२ को धारा २४ 'छुवाछूत तथा भेदभाव विरुद्धको हक' (१) मा 'कुनै पनि व्यक्तिलाई निजको उत्पत्ति, जात, जाति, समुदाय, पेशा, व्यवसाय वा शारीरिक अवस्थाको आधारमा कुनै पनि निजी तथा सार्वजनिक स्थानमा कुनै प्रकारको छुवाछूत वा भेदभाव गरिने छैन' भनिएको छ । नेपाल दलित महिला उत्थान संघ (एड्वान) की अध्यक्ष विन्दु परियारले आजको २१औँ शताब्दीमा पनि जातीय भेदभाव तथा छुवाछूतका कारण दलित समुदायले अमानवीय व्यवहार भोग्नुपर्ने अवस्था सिर्जना हुनु विडम्बनाको विषय भएको टिप्पणी गर्नुहुन्छ ।

संविधान, ऐन÷कानून, नीति नियम विपरित देशैभरी दलित समुदायमाथि विभेद्का घटना बढ्दै जानु दुःखको कुरा भएको उहाँको भनाइ छ ।

संविधानको धारा २४ (३) मा 'उत्पत्ति, जात, जाति वा शारीरिक अवस्थाको आधारमा कुनै व्यक्ति वा समुदायलाई उच्च वा नीच दर्साउने, जाति वा छुवाछूतको आधारमा सामाजिक भेद्भावलाई न्यायोचित ठान्ने वा छुवाछूत तथा जातीय उच्चता वा घृणामा आधारित विचारको प्रचार गर्न वा जातीय विभेदलाई कुनै पनि किसिमले प्रोत्साहन गर्न पाइने छैन' भनिएको छ । तर यसको प्रभावकारी कार्यान्वयन हुन सकेको छैन ।

संविधानको धारा ४० मा 'दलितको हक' को व्यवस्था गरिएको छ । जातीय भेद्भाव तथा छुवाछूत अन्त्यका निम्ति ऐन÷कानून, नीति÷नियम नभएको पनि होइन । तत्कालीन प्रधानमन्त्री झलनाथ खनालको पालामा 'जातीय भेदभाव तथा (कसूर र सजाय ऐन, २०६८' जारी भएको आज १२ वर्ष भइसकेको छ । तर ऐनको पनि प्रभावकारी कार्यान्वयन हुन सकेको छैन । ऐन लागू भए पनि पानी छोएको, चुलो छोएको निहुँमा र अन्तजातीय विवाह गरेका कारण मनविरे सुनार (कालिकोट), शिवशंकर दास (सप्तरी), सेते दमाई (दैलेख), झुमा विक (ताप्लेजुङ), संगीता परियार (तनहुँ), राजेश नेपाली (पर्वत), अस्मिता सार्की (झापा), लक्ष्मी परियार (काभ्रे), अजित मिजार (काभ्रे), श्रेया सुनार (कास्की), मना सार्की (कालिकोट), रुपमति कुमारी दास (मोरङ), दितिया रेष्मा रसाइली (धनुषा), माया विक (कैलाली), टिकाराम नेपाली (रुकुम), अंगिरा पासी (रुपन्देही) र नवराज विक (जाजरकोट) लगायत करिव २० जना दलित सुमदायका व्यक्तिको मृत्यु भएको छ । यी घटनाका अधिकांश पिडितले अहिलेसम्म पनि न्याय पाउन सकेका छैनन् ।

अन्तरजातीय विवाह गरेका कारण २०७३ सालमा पाँचखाल काभ्रेका अजित मिजारको हत्या गरिएको थियो । मिजारले नजिकै गाउँ ज्याम्दीकी पराजुली थरकी किशोरीसँग २०७३ असार २५ गते प्रेम विवाह गरेका थिए । केटी पक्षको व्यापक दबाबका कारण दुई दिनमै उनीहरुको विवाह टुट्यो । असार २९ गते अजित सम्पर्कविहीन भए । भोलिपल्ट धादिङ, परेवाटारको जङ्गलमा उनी झुन्डिएको अवस्थामा फेला परे । उनको शव अहिले पनि शिक्षण अस्पताल, महाराजगञ्जमा न्यायको पर्खाइमा छ ।

जातीय भेदभाव तथा (कसूर र सजाय) ऐन, २०६८ मा 'कसैले पनि जातीय तथा अन्य सामाजिक छुवाछूत तथा भेदभाव गर्न वा गराउन हुँदैन' भनिएको छ । ऐनमा उल्लेख गरिएको छ, 'कुनै पनि व्यक्तिलाई प्रथा, परम्परा, धर्म, संस्कृति, रीरिरिवाज, जात, जाती, वंश, समुदाय, पेशा वा व्यवसाय वा शारीरिक अवस्थाका आधारमा कुनै काम गरे वा गराएमा जातीय तथा अन्य सामाजिक छुवाछूत तथा भेदभाव गरेको मानिने छ ।'

नेकपा (माओवादी केन्द्र) का पोलिटब्यूरो सदस्य परशुराम रम्तेलले अहिले पनि प्रशासनिक निकायले ऐनबारे अनविज्ञता प्रकट गरिरहेको सन्र्भमा राज्यले नै ऐनको बारेमा प्रचार गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्नुपर्ने माग गर्नुहुन्छ । ऐनमा ऐन बमोजिम कसूर गरेको ठहरेमा अदालतले कसुरदारबाट पिडितलाई दुई लाख रुपैयाँसम्म क्षतिपूर्ति भराइदिनुपर्ने व्यवस्था गरेको छ । कसूर गर्ने व्यक्तिलाई तीन महिनादेखि तीन वर्षसम्म कैद र ५० हजारदेखि दुई लाख रुपैयाँ जरीवाना हुने पनि व्यवस्था गरेको छ ।

नेकपा (एकीकृत समाजवादी) का नेता गणेश विकले कानूनको पालन गर्न गराउन सुरक्षामा खटिएका प्रहरी स्वयंबाट कानून उल्लङ्घन भइरहेको सन्दर्भ उल्लेख गर्दै कानून कार्यान्वयन गर्ने निकायमा दलित समुदायको समान सहभागिताको माग गर्नुभयो । संविधानको धारा ४० (१) मा 'राज्यका सबै निकायमा दलितलाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक हुनेछ' भनिएको छ ।

संविधानको धारा ४२ (१) र राज्यको निर्देशक सिद्धान्तमा समानुपातिक समावेशी सिद्धान्तलाई संस्थागत गर्ने भनिएको छ । तर संविधानको यो मूल भावना पछिल्लो पटकको प्रतिनिधिसभाको निर्वाचनमा लागू हुन सकेन । अहिले प्रतिनिधि सभामा समानुपातिकबाट निर्वाचित १५ जना र प्रत्यक्षमा १ जना गरी जम्मा १६ जना सांसद दलित समुदायबाट हुनुहुन्छ । यो भनेको जम्मा ५.८१ प्रतिशत हुन आउँछ ।

नेपाली जनताको सङ्घर्षणूर्ण योगदान स्वरुप नेपाल सङ्घीय लोकतान्त्रिक गणतन्त्रमा प्रवेश गरेको १४ वर्ष भएको छ । २००७ सालको राजनीतिक परिर्वतन हुँदै २०४६ सालको आन्दोलन, माओवादी जनयुद्ध र २०६२÷६३ को जनआन्दोलनपछि संविधानसभाको पहिलो वैठकले २०६५ जेठ १५ गते राजतन्त्र उन्मूलन गरी नेपालमा गणतन्त्र स्थापना ग¥यो । मुलुक परिवर्तनमा पटकपटक भएका यी विभिन्न सङ्र्घषमा दलित समुदायको पनि अतुलनीय योगदान रहेको छ । तर उनीहरुको आर्थिक, सामाजिक, राजनीनिक र सांस्कृतिक समस्या भने ज्यूँका त्यूँ छ । २००४ सालदेखि दलित समुदायले सङ्गठित रुपमा विभेदका विरुद्ध आन्दोलन गर्दै आएपनि जातीय भेदभाव तथा छुवाछूतका घटनामा कमी आउन सकेको छैन । सामाजिक न्यायमा आधारित समतामूलक समाज निर्माणको निम्ति सदियौँदेखि जातीय भेदभाव तथा छुवाछूतको पिडा भोग्दै आएको दलित समुदायको मुक्ति नभएसम्म सामाजिक परिवर्तनको खुड्किलो चढ्न सकिंदैन ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

### धनुषा (०४१)

| | |
|---|---|
| एम्बुलेन्स | १०२, ५२६०९० |
| ५२६०९१,०४१६२०४९१,५२०२३०, ५२३८६४ | ५२६३६० |
| प्रहरी | १००, ५२००९९ |
| बारुण यन्त्र | ५२००११ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| रक्त संचार केन्द्र (रेडक्रस) | ५२०८७० |
| आँखा अस्पताल | ५२०३९७ |
| विद्युत फ्यूज शाखा | ५२०१५१ |
| एयर पोर्ट | ५२००४४ |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलाइन्स | ५२००४७ |
| जानकी केबुल | ५२३७२८ |
| साह केबुल | ५२४७२२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |

### महोत्तरी (०४४)

| | |
|---|---|
| जलेश्वर अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| एम्बुलेन्स | ५२०१०० |
| विद्युत | ५२००६६, ५२०१६६ |

### रत्नसागर मन्दिर (प्रत्येक दिन)

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ५:०० बजे |
| बिहान पूजा आरती: | ८:०० बजे |
| भोगराज लाग्ने सयम: | ११:३० बजे |
| निशुल्क अन्न क्षत्रे (दिउँसो): | १२:०० बजे |
| मन्दिर बन्द हुने समय: | १२:०० बजे |
| खुल्ने समय (दिउँसो): | ४:०० बजे |
| रात्री आरती पूजा हुने समय: | ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम: | १०:०० बजे |

## मन्दिरको समय

### जानकी मन्दिर (प्रत्यके दिन)

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ०५:०० बजे |
| बिहान पूजा आरती : | ०७:०० बजे |
| बिहान ढोका बन्द : | १२:०० बजे |
| अन्न क्षत्रे : | नि:शूल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय : | ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँभ्भा : | ०७:३० बजे |

### राम मन्दिर (प्रत्येक दिन)

| | |
|---|---|
| बिहान ढोका खूल्ने समय : | ०५:०० बजे |
| मंगल आरती : | ०७:३० बजे |
| महाप्रसाद भोग : | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय : | ०३:३० बजे |
| सन्ध्या पुजा आरती साँझ : | ०७:०० बजे |
| रात्रि भोग : | ०९:०० बजे |
| पट बन्द : | ०९:१५ बजे |

## राशिफल

**मेष - ARIES** चु,चे,चो,ला,लि,लु,ले,लो,अ
आजको दिन खेलकुद तथा मनोरञ्जनात्मक कार्यमा बित्ला, पारिवारिक मित्रता तथा रमाइलो यात्रा होला ।

**वृष- TAURUS** इ,उ,ए,ओ,बा,बि,बु,बे,बो
नयाँ नयाँ मित्रहरुसंगको भेटले मन आनन्दित रहला। आर्थिक लाभका नयाँ नयाँ मार्गहरु नि प्रशस्त होलान् ।

**मिथुन - GEMINI** का,कि,कु,घ,ङ,छ,के,को,ह
आजको दिन नयाँ बस्त्र तथा आभुषण प्राप्त हुने योग छ। आटेका वा सोचेका काम कार्यहरु पूरा होलान् ।

**कर्कट - CANCER** हि,हु,हे,हो,डा,डि,डु,डे,डो
आजको दिन शिक्षा क्षेत्रमा सफलता पाउनुका साथै कुनै लेख रचना तथा साहित्यिक कार्यको थालनी होला ।

**सिंह - LEO** मा,मि,मु,मे,मो,टा,टि,टु,टे
आज कुनै उपहार तथा पुरस्कार प्राप्त हुने योग पनि रहेको छ ।आज दक्षिण तिरको यात्रा नगरेकै राम्रो होला।

**कन्या - VIRGO** टो,प,पि,पु,ष,ण,ठ,पे,पो
आजको दिन अपर्झट कुनै पनि स्थानको यात्रा हुनसक्छ, खेलकुद तथा साहित्यिक क्षेत्रमा तपाईंको सहभागीताले उत्साह थपिएला ।

**तुला - LIBRA** र,रि,रु,रे,रो,ता,ति,तु,ते
आज हर्ष तथा प्रसन्नताका साथ समय बित्नेछ, आज को दिन आध्यात्मिक चिन्तनमा मन जाने देखिन्छ ।

**वृश्चिक - SCORPIO** तो,ना,नि,नु,ने,नो,या,यि,यु
तपाईंको लगनशीलता तथा पराक्रमले कठिन भन्दा कठिन कार्यहरु पनि सहजै सम्पन्न+ होलान् ।

**धनु- SAGITTARIUS** ये,यो,भ,भि,भु,ध,फा,ढ,भे
आजको दिन धन आर्जनका विभिन्न मार्गहरु प्रशस्त होलान् धन तथा मान प्राप्ति हुनसक्छ, वैदेशिक यात्राका अवसरहरु पनि आउनसक्छ,

**मकर - CAPRICORN** भो,ज,जि,खि,खु,खे,खो,गा,गि
आजको दिन तपाईंको व्यक्तित्व देखेर सबै प्रभावित होलान् , आर्थिक लेनदेनमा विशेष सावधानी अपनाउनुहोला।

**कुम्भ - AQUARIUS** गु,गे,गो,सा,सि,सु,से,सो,द
आजको दिन अनावश्यक खर्चको योग आएको छ तपाईंको कमजोरीको फाइदा उठाउलान, धैर्य तथा विवेकले काम लिनुहोला।

**मीन - PISCES** दि,दु,थ,झ,ञ,दे,दो,च,चि
आजको दिन तपाईंलाई गुप्त बिद्या तथा शिक्षा प्राप्त होला , आज विशेष परिस्थितिले दिनभर मन रमाउला ।

# अनुदानको मल बढी मूल्यमा बिक्री



**रासस**
**गण्डकी ।**
सरकारले अनुदानमा उपलब्ध गराएको मल बढी मूल्यमा बिक्री गरेको सूचनाका आधारमा पोखरा महानगरपालिकाको मल वितरण व्यवस्थापन समितिले आइतबार अनुगमन गरेको छ । अनुदानको मल बढी मूल्यमा बिक्री गरेको गुनासो आएपछि समितिले अनुगमन गरेकोमा प्रतिकिलो १० देखि १५ रुपैयाँसम्म बढी लिने गरेको पाइएको पोखरा महानगरपालिका कृषि महाशाखा प्रमुख मनहर कडरियाले जानकारी दिए ।
पोखरा महानगरका उपप्रमञ्जुदेवी गुरुङको नेतृत्वमा कास्कीका सहायक प्रमुख जिल्ला अधिकारी गुरुदत्त ढकाल, कृषि सामग्री कम्पनी लिमिटेडका प्रमुख ठाकुरप्रसाद बास्तोला, महानगर कृषि महाशाखा प्रमुख मनहर कडरियासहितको टोलि अनुगमनमा गएको थियो ।
अनुगमनका क्रममा पोखरा महानगरपालिका–१२ स्थित अमरसिंह कृषि सुलभ पसलले २१ रुपैयाँको युरिया ३५ रुपैयाँ र ५० रुपैयाँको डिएपी ६५ रुपैयाँमा बिक्री गरेको पाइएको महाशाखा प्रमुख कडरियाले जानकारी दिए ।
मल बिक्री वितरण गर्ने अनुमतिसमेत नपाएको सो पसलले उपभोक्ता सहकारी सङ्घबाट मल ल्याएर बढी मूल्यमा बिक्री गरेको भेटिएको बताउँदै उनले जिल्ला प्रशासन कार्यालयमा बोलाइएको र बाँकी २५ बोरा युरिया, छ बोरा डिएपी र पाँच बोरा पोटास बिक्री वितरणमा रोक लगाइएको जानकारी दिए । स्थानीय मल व्यवस्थापन समितिले तोकेको क्षेत्रमा किसानको परिचय खुल्ने गरि बिक्री गर्नुपर्ने भए पनि त्यसको समेत पालना नगरिएकाले थप कारबाहीका लागि जिल्ला प्रशासन कार्यालय बोलाइएको महानगरपालिकाले जनाएको छ ।
पोखरा महानगरको मल वितरण व्यवस्थापन समितिको साउन १२ गतेको बैठकले सरकारी अनुदानमा प्राप्त हुने मलको मूल्य निर्धारण गरेको थियो । युरिया मल डिपोदेखि बिक्री केन्द्रको दूरीका आधारमा प्रतिकिलो १९ रुपैयाँ ४५ पैसादेखि २१ रुपैयाँ पाँच पैसासम्म, डिएपी मलको मूल्य प्रतिकिलो ४८ रुपैयाँ ४५ पैसादेखि ५० रुपैयाँ पाँच पैसा र पोटासको मूल्य ३६ रुपैयाँ ४५ पैसादेखि ३८ रुपैयाँ पाँच पैसासम्म तोकेको थियो ।

# फलफूल व्यवसायी समस्यामा

**रासस**
**कञ्चनपुर ।**
शुक्लाफाँटा नगरपालिका–११ स्थित कलुवापुर बजार वर्षाको पानीले डुबानमा पर्दा फलफूल व्यवसायीको विजोग भएको छ । वर्षाको पानीको उचित निकास नहुँदा दुई महिनादेखि बजार क्षेत्र डुबानमा परेको छ ।
पसलसम्म वर्षाको पानी भरिएपछि व्यवसायी मर्कामा परेका हुन् । खोका छाप्रा राखेर दुई दशकदेखि कलुवापुर बजार छेउमा फलफूल बेच्दै आएका नारद जोशी व्यापार नहुँदा निकै निरास छन् ।
'वर्षाको जमेको पानीमा ग्राहकले खुट्टा हाल्नै मान्दैनन्', उनले भने 'ग्राहकलाई जुत्ता, चप्पल भिज्ने डर हुन्छ, त्यै भएर पसलसम्म पुग्दैनन् ग्राहक पसलसम्म नपुगेपछि व्यापार हुने कुरै भएन ।' बेच्नका लागि पसलमा राखेका फलफूल कुहिन थालेको उनले बताए । फलफूल बिक्री नहुँदा कुहिएर ६० हजार रुपैयाँ बढीको घाटा बेहोर्नुपरेको उनको भनाइ रहेको छ । बजारमा फलफूल सुदूरपश्चिमको पहाडी क्षेत्र र भारतबाट बेच्नका लागि व्यापारीले ल्याउने गरेका छन् ।
'बजार डुबानमा नपर्दा पहिले दैनिक पाँच हजार रुपैयाँदेखि १० हजार रुपैयाँसम्मको फलफूल बिक्री हुने गरेको थियो', अर्का व्यापारी धौलसिंह विष्टले भने 'हाल मुस्किलले आठ÷नौ सय रुपैयाँको पनि बिक्री हुँदैन, पूर्वपश्चिम राजमार्गसँगै जोडिएको क्षेत्र हुँदा पनि डुबानमा परेको बजार क्षेत्रको पानी निकासका लागि कुनै निकायले चासो नदेखाउँदा वर्षौंदेखि फलफूलको पसल राखेर व्यापार गर्दै आएका व्यापारीले पेसा पलायन हुनुपर्ने अवस्था आएको छ ।'

**कलुवापुर बजार**

जिल्लाकै फलफूल बिक्री हुने मुख्य बजारका रुपमा रहेको छ । पूर्वपश्चिम राजमार्गसँगै यस क्षेत्रबाट जिल्लाको दक्षिणी क्षेत्र जाने कलुवापुर बेलौरी राजमार्ग छुट्टिने गरेको छ । चौराहका रुपमा रहेको कलुवापुर बजारमा रहेको पसलबाट ग्राहकले फलफूल खरिद गरी लग्ने गरेका छन् ।
कलुवापर चौराहमा मात्रै फलफूलका ५० बढी पसल रहेका छन् । बढी वर्षा भएका बेला पानी पसलभित्रै पस्ने गरेको व्यापारीको गुनासो रहेको छ ।
'पसलमा राखेका फलफूल बिक्री हुनै छाडेको दुई महिना बित्नै लागेको छ', जयबहादुर विष्टले भने 'पसलभित्रै पानी पस्दा भण्डार गरेर राखेका फलफूल कुहिएर निकै नोक्सानी हुन थालेको छ, दैनिक व्यापारीले डुबानकै कारण दुई लाख रुपैयाँ बढीको नोक्सानी बेहोर्दै आएका छन् ।'
फलफूल व्यापारीजस्तै खाजा नास्ता पसल सञ्चालन गरेर बसेका व्यवसायीको पनि गुनासो रहेको छ । ग्राहक नआउँदा पसलनै बन्द गरेर जानुपर्ने अवस्था आएको अक्कलबहादुर विष्ट बताउँछन् ।
'ग्राहक आउने प्रतीक्षामा दैनिक चाउमिन, समोसा, जेरीलगायत बनाएर बेच्नका लागि राख्ने गरेका छौँ', उनले भने 'थोरै मात्रै ग्राहक आउँदा आधाभन्दा बढी परिकार खेर जाने गरेको छ, साँझ खेर गएको परिकार गाईगोरुलाई खुवाउँदै आएका छौँ ।'

**नजिकको सरकार**

स्थानीय तह भए पनि पटकपटक पानी निकासका लागि हारगुहार लगाउँदा सुनुवाइ हुन नसकेको उहाँको भनाइ रहेको छ ।
सार्वजनिक शौचालयसमेत डुबानमा पर्दा फोहर पानी बजार क्षेत्रमै जमेको छ । शौचालयको दुर्गन्धित पानीका कारण बजार क्षेत्रमा सङ्क्रामक रोग फैलिने खतरा रहेको छ । गत असार २० गते परेको वर्षापछि बजार डुबानमा पर्दै आएको छ । पहिला पनि बजार एक पटक डुबानमा परेको थियो ।
त्यस बेलाका जनप्रतिनिधिले अस्थायीरुपमा नाला निर्माण गरी पानी निकासको व्यवस्था गरेको स्थानीय व्यापारी बताउँछन् ।
सडक निर्माण गर्ने क्रममा पानी निकास हुने पाइप कल्भर्ट पुरिँदा बजार जलमग्न हुन थालेको स्थानीय व्यवसायी अक्कलबहादुर विष्टको भनाइ रहेको छ । पानीको उचित निकासका लागि नगरपालिकादेखि अन्य सम्बन्धित निकायसम्म पुग्दासमेत सुनुवाइ हुन नसकेको उनको भनाइ रहेको छ । बजार क्षेत्रको अटो पार्किङ क्षेत्रसमेत डुबानमा पर्दा अटो चालकले सडकमा राख्ने गरेका छन् । जसबाट दुर्घटनाको सम्भावना बढेर गएको छ । ट्राफिकको समस्या पनि उत्तिकै रहेको छ ।
यसैबीच, कलुवापुर बजार क्षेत्रको पानी निकासका लागि ढल व्यवस्थापन गर्नका लागि कार्य अगाडि बढाइने भएको छ । सडक क्षेत्रको जग्गाको सीमाङ्कन सडक डिभिजन कार्यालयले गर्ने, पूर्वाधार विकास कार्यालयले नाली निर्माण गर्ने र नगरपालिकाले सडक क्षेत्र खाली गर्ने गरी जिल्ला प्रशासन कार्यालयमा भएको छलफलमा सहमति भएको छ ।
आजदेखि सो कार्य अगाडि बढाइने बताइएको छ ।

# गत आवमा यस्तो देखियो वाणिज्य बैंकको वित्तीय स्वास्थ्य




**रासस**
**काठमाडौँ ।**
नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको मान्यता पाएका वाणिज्य बैंकहरुले गत आर्थिक वर्ष २०७९र८० को आफ्नो वार्षिक वित्तीय विवरण सार्वजनिक गरिसकेका छन् । उनीहरुको वार्षिक वित्तीय विवरणअनुसार अघिल्लो आर्थिक वर्षको तुलनामा गत आवमा खुद मुनाफा उल्लेख्य रुपमा बढेको छ । वितरणयोग्य मुनाफा भने घटेको छ । त्यस्तै गत आवको तेस्रो त्रैमाससम्ममा निरन्तर बढ्दो क्रममा देखिएको खराब कर्जा चौँथौ त्रैमासमा भने केही घटेको देखिएको छ । यद्यपि वाणिज्य बैंकको खराब कर्जाको स्थितिमा पर्याप्त सुधार भइसकेको छैन । गत आवको अन्तिमसम्ममा वाणिज्य बैंकमा देखिएको खुद मुनाफा, प्रतिशेयर आम्दानी, खराब कर्जा, स्प्रेडदर र चुक्ता पुँजीलगायतका सूचकको अवस्था यहाँ उल्लेख गरिएको छ ।

**खुद मुनाफा**

गत आव २०७९÷८० मा वाणिज्य बैंकहरुले ७० अर्ब १७ करोड रुपैयाँ बराबर खुद नाफा कमाएका छन् । वाणिज्य बैंकहरुको वितरणयोग्य मुनाफा भने कम छ । गत आवमा नबिल बैंक लिमिटेडको नाफा सात अर्ब ५२ करोड ७१ लाख रुपैयाँ बराबर छ । अघिल्लो आवमा चार अर्ब २५ करोड ६० लाख रुपैयाँ बराबर नबिल बैंकले गतवर्षको तुलनामा तीन अर्ब १७ करोड १० लाख रुपैयाँ बराबरले नाफा बढाएको हो ।
गत आवमा बढी नाफा कमाउने बैंकहरुको सूचिमा ग्लोबल आइएमई बैंक लिमिटेड दोस्रो नम्बरमा छ । अघिल्लो आवमा चार अर्ब ९५ करोड ९२ लाख रुपैयाँ बराबर नाफा गरेको ग्लोबल आइएमई बैंकले गत आवमा सात अर्ब २५ करोड ३४ लाख रुपैयाँ नाफा कमाएको छ । गत आवमा बढी नाफा कमाउने वाणिज्य बैंकको सूचिमा राष्ट्रिय वाणिज्य बैंक तेस्रो स्थानमा छ । अघिल्लो आवमा चार अर्ब २९ करोड २८ लाख रुपैयाँ बराबर वार्षिक नाफा कमाएको वाणिज्य बैंकले गत आव चार अर्ब ९१ करोड ७१ लाख रुपैयाँ बराबर कमाएको छ ।
नाफा बढी कमाउने वाणिज्य बैंकको सूचिमा एनआइसी एसिया बैंक चौँथौ नम्बरमा छ । एनआइसी एसिया बैंकले गत आवमा चार अर्ब ६५ करोड १३ लाख रुपैयाँ बराबर नाफा कमाएको छ । चार अर्बभन्दा माथि नाफा कमाउने अर्को बैंक नेपाल इन्भेष्टमेन्ट मेगा बैंक लिमिटेड बैंक छ । इन्भेष्टमेन्ट मेगा बैंकले गतवर्ष चार अर्ब ६५ करोड १३ लाख रुपैयाँ बराबर कमाएको छ । तीन अर्ब रुपैयाँभन्दा माथि र चार अर्ब रुपैयाँभन्दा कम वार्षिक नाफा कमाउने बैंकको सङ्ख्या सात छ । गत आवमा स्टाण्डर्ड चार्टर्डस् बैंकले तीन अर्ब ५२ करोड ५४ लाख रुपैयाँ, नेपाल बैंक लिमिटेडले तीन अर्ब ४१ करोड १५ लाख रुपैयाँ, एनएमबी बैंकले तीन अर्ब ४१ करोड चार रुपैयाँ र एभरेष्ट बैंकले तीन अर्ब ३९ करोड ९१ लाख रुपैयाँ नाफा कमाएका छन् ।
त्यस्तै हिमालयन सिभिल बैंकले तीन अर्ब २६ करोड ६१ लख रुपैयाँ, सिद्धार्थ बैंकले तीन अर्ब १९ करोड एक लाख रुपैयाँ र कृषि विकास बैंकले तीन अर्ब नौ करोड ९३ लाख रुपैयाँ नाफा कमाएका छन् । छ वाणिज्य बैंकले दुई अर्ब रुपैयाँदेखि तीन अर्ब रुपैयाँको बीचमा नाफा कमाएका छन् भने दुई वाणिज्य बैंकको नाफा दुई अर्ब रुपैयाँभन्दा कममा खुम्चिएको छ । गत आवमा प्रभु बैंकले दुई अर्ब ८२ करोड ५२ लाख रुपैयाँ, सानिमा बैंकले दुई अर्ब ६१ लाख ९२ करोड रुपैयाँ र प्राइम कमर्सियल बैंकले दुई अर्ब २६ करोड ३१ लाख रुपैयाँ बराबर नाफा कमाएका छन् । लक्ष्मी सनराइज बैंकको नाफा दुई अर्ब २६ करोड १८ लाख रुपैयाँ, नेपाल एसबिआई बैंकको नाफा दुई अर्ब २४ करोड १६ लाख रुपैयाँ र सिटिजन्स बैंकको नाफा दुई अर्ब २१ करोड ४४ लाख रुपैयाँ बराबर छ । गत आवमा कुमारी बैंकले एक अर्ब ९५ करोड ७१ लाख रुपैयाँ र माछापुच्छ्रे बैंकले एक अर्ब ८५ करोड ११ लाख रुपैयाँ बराबर नाफा कमाएका छन् ।

**प्रतिशेयर आम्दानी**

वाणिज्य बैंकमध्ये प्रतिशेयर आम्दानीका आधारमा एनआइसी एसिया बैंक पहिलो र स्टाण्डर्ड चार्टर्डस् बैंक दोस्रो तथा राष्ट्रिय वाणिज्य बैंक तेस्रो स्थानमा छ । एनआइसी एसिया बैंकको प्रतिशेयर आम्दानी ४० दशमलव २२ रुपैयाँ बराबर छ । स्टाण्डर्ड चार्टर्डस् बैंकको प्रतिशेयर आम्दानी ३७ दशमलव ३९ रुपैयाँ छ भने राष्ट्रिय वाणिज्य बैंकको ३३ दशमलव ९६ रुपैयाँ बराबर छ ।
त्यस्तै एभरेष्ट बैंकको ३१ दशमलव ७२ रुपैयाँ, नबिल बैंकको २७ दशमलव ८२ रुपैयाँ, नेपाल बैंकको २३ दशमलव २२ रुपैयाँ, सिद्धार्थ बैंकको २२ दशमलव ६४ रुपैयाँ र नेपाल एसबीआई बैंकको २२ दशमलव १४ रुपैयाँ रहेको छ । सानिमा बैंकको प्रतिशेयर आम्दानी २१ दशमलव शुन्य दुई रुपैयाँ, कृषि विकास बैंकको २० दशमलव ६२ रुपैयाँ, ग्लोबल आईएमई बैंकको २० दशमलव २८ रुपैयाँ, लक्ष्मी सनराइज बैंकको १९ दशमलव ४४ रुपैयाँ, एनएमबी बैंकको १८ दशमलव शुन्य पाँच रुपैयाँ र माछापुच्छ्रे बैंकको १५ दशमलव शुन्य पाँच रुपैयाँ रहेको छ ।
गत आवको नाफाबाट नेपाल इन्भेष्टमेन्ट मेगा बैंकको प्रतिशेयर आम्दानी १६ दशमलव शुन्य सात रुपैयाँ, सिटिजन्स बैंकको प्रतिशेयर आम्दानी १५ दशमलव ५९ रुपैयाँ र हिमालयन बैंकको प्रतिशेयर आम्दानी १५ दशमलव शुन्य आठ रुपैयाँ रहेको छ । त्यस्तै प्रभु बैंकको १२ रुपैयाँ, प्राईम कमर्सियल बैंकको ११ दशमलव ६६ रुपैयाँ र कुमारी बैंकको सात दशमलव ४६ रुपैयाँ बराबर रहेको छ ।

**खराब कर्जा**

कुमारी बैंकको खराब कर्जा सबैभन्दा धेरै चार दशमलव ७७ प्रतिशत बराबर छ । हिमालयन बैंकको चार दशमलब ५७ प्रतिशत, इन्भेष्टमेन्ट बैंक मेगा बैंकको चार दशमलव ३५ प्रतिशत र प्राइम बैंकको चार दशमलव २३ प्रतिशत बराबर रहेको छ । प्रभु बैंकको खराब कर्जा चार दशमलव १६ प्रतिशत बराबर छ । त्यस्तै नबिल बैंकको तीन दशमलव दुई प्रतिशत, ग्लोबल आइएमई बैंकको तीन दशमलव शुनय आठ प्रतिशत र सिटिजन्स बैंकको तीन दशमलव १९ प्रतिशत बराबर छ ।
राष्ट्रिय वाणिज्य बैंकको खराब कर्जा दुई दशमलव ९५ प्रतिशत, नेपाल बैंकको दुई दशमलव ८५ प्रतिशत, एनएमबी बैंकको दुई दशमलव ७२ प्रतिशत, कृषि विकास बैंकको दुई दशमलव ४८ प्रतिशत, लक्ष्मी सनराइज बैंकको दुई दशमलव २८ प्रतिशत, नेपाल एसबीआई बैंकको दुई दशमलव ४३ प्रतिशत र माछापुच्छ्रे बैंकको दुई दशमलव १२ प्रतिशत रहेको छ ।
त्यस्तै स्टाण्डर्ड चार्टर्डस् बैंकको खराब कर्जा एक दशमलव १७ प्रतिशत, सिद्धार्थ बैंकको एक दशमलव शुन्य सात प्रतिशत, सानिमा बैंकको एक दशमलव तीन प्रतिशत, एनआइसी एसिया बैंकको शून्य दशमलव आठ प्रतिशत र एभरेष्ट बैंकको शून्य दशमलव ७९ प्रतिशत बराबर रहेको छ ।

**स्प्रेडदर**

बैंक तथा वित्तीय संस्थाले प्रवाह गर्ने कर्जाको ब्याजदर र सङ्कलन गर्ने निक्षेपको ब्याजदरको अन्तर स्प्रेडदर हो । नबिल र इन्भेष्टमेन्ट मेगा बैंकको स्प्रेडदर चार दशमलव ९९ प्रतिशत छ । कुमारी बैंकको चार दशमलव ९८, ग्लोबल आइएमई बैंकको चार दशमलव ९६, प्रभु बैंकको चार दशमलव ८६, हिमालयन बैंकको चार दशमलव ७९ र लक्ष्मी सनराइज बैंकको चार दशमलव ४२ प्रतिशत बराबर छ ।
स्टाण्डर्ड चार्टर्डस, सिटिजन्स र सानिमा बैंकको स्प्रेडदर चार प्रतिशत छ । राष्ट्रिय वाणिज्य बैंकको तीन दशमलव ९८, एनआइसी एसिया बैंकको तीन दशमलव ९९, नेपाल बैंकको तीन दशमलव ९५, एनएमबीको तीन दशमलव ९९ र एभरेष्ट बैंकको तीन दशमलव ९७ प्रतिशत स्प्रेडदर रहेको छ । सिद्धार्थ बैंकको तीन दशमलव ९९, कृषि विकास बैंकको तीन दशमलव ९४, प्राईम बैंकको तीन दशमव ९८, नेपाल एसबीआई बैंकको तीन दशमलव ९९ र माछापुच्छ्रे बैंकको तीन दशमलव ९५ प्रतिशत बराबर छ ।

**चुक्ता पुँजी**

चुक्ता पुँजीका आधारमा अहिले ग्लोबल आइएमइ बैंक सबैभन्दा ठूलो बैंक हो । गत असार मसान्तसम्ममा ग्लोबल आइएमई बैंकको चुक्ता पुँजी ३५ अर्ब ७७ करोड रुपैयाँ बराबर छ । चुक्ता पुँजीका आधारमा दोस्रो स्थानमा रहेको नेपाल इन्भेष्टमेन्ट बैंकको ३४ अर्ब १२ करोड रुपैयाँ र तेस्रो स्थानमा रहेको नबिल बैंकको २७ अर्ब पाँच करोड रुपैयाँ बराबर रहेको छ । कुमारी बैंकको चुक्तापुँजी २६ अर्ब २३ करोड रुपैयाँ, प्रभु बैंकको अर्ब ५४ करोड रुपैयाँ, हिमालयन बैंकको २१ अर्ब ६५ करोड रुपैयाँ र लक्ष्मी सनराइज बैंकको २१ अर्ब ६७ करोड रुपैयाँ रहेको छ । त्यसैगरी राष्ट्रिय वाणिज्य बैंकको १५ अर्ब ६३ करोड रुपैयाँ, एनआइसी एसिया बैंकको ११ अर्ब ५६ करोड रुपैयाँ, स्टाण्डर्ड चार्टर्डस् बैंकको नौ अर्ब ४२ करोड रुपैयाँ, नेपाल बैंकको १४ अर्ब ६९ करोड रुपैयाँ र एनएमबी बैंकको १८ अर्ब ३६ करोड रुपैयाँ बराबर रहेको छ । त्यस्तै एभरेष्ट बैंकको १० अर्ब ६९ करोड रुपैयाँ, सिद्धार्थ बैंकको १४ अर्ब आठ करोड रुपैयाँ, कृषि विकास बैंकको १८ अर्ब ८८ करोड रुपैयाँ, सानिमा बैंकको १२ अर्ब ४६ करोड रुपैयाँ, प्राईम बैंकको १९ अर्ब चार करोड रुपैयाँ, नेपाल एसबीआई बैंकको १० अर्ब १२ करोड रुपैयाँ, सिटिजन्स बैंकको १४ अर्ब दुई करोड रुपैयाँ र माछापुच्छ्रे बैंकको १० अर्ब २५ करोड रुपैयाँ बराबर चुक्ता पुँजी रहेको छ ।


# तेइस ठेकेदार कम्पनी कालोसूचीमा




**रासस**
**काठमाडौँ ।**
विभिन्न सरकारी निकायअन्तर्गतका पूर्वाधार निर्माणका काम र खरिद प्रक्रिया अलपत्र पार्ने २३ ठेकेदार कम्पनी कालोसूचीमा परेका छन् । विभिन्न सार्वजनिक निकायबाट कालोसूचीमा राख्नका लागि सिफारिस भइआएबमोजिम २३ कम्पनीलाई कालोसूचीमा राख्ने निर्णय भएको खरिद अनुगमन कार्यालयले जनाएको छ । कालोसूचीमा परेको अवधिभर यी कम्पनीहरु अरु कुनै पनि सरकारी निकायको खरिद प्रणालीमा संलग्न हुन पाउने छैनन् ।
कार्यालयका अनुसार सडक डिभिजन कार्यालय हर्कपुर ओखलढुङ्गाको सिफारिसमा पप्पु÷कोशी एन्डा न्यौपाने जोइन्ट भेन्चरकम्पनीलाई एक वर्ष छ महिना र पूर्वाधार विकास कार्यालय ललितपुरको काम अलपत्र पार्ने नतासा निर्माण सेवालाई एक वर्षका लागि कालोसूचीमा राखिएको छ । सडक डिभिजन कार्यालयअन्तर्गत दाङको सिफारिसमा त्रिवेणी निर्माण सेवालाई एक वर्ष, भरतपुरको सिफारिसमा समृद्ध निर्माण सेवालाई एक वर्ष र भक्तपुरको काम अलपत्र पार्ने नवनिर्माण बिल्डर्सलाई डेढ वर्षका लागि कालोसूचीमा राखिएको छ ।
त्यस्तै सहरी विकास तथा भवन निर्माण विभाग, सङ्घीय आयोजना कार्यान्वयन इकाइ धनुषाको सिफारिस पछि कार्यालयले चेतना÷यु. के. एन् जोइन्ट भेन्चर कम्पनीलाई डेढ वर्षका लागि कालोसूचीमा राखेको छ । जलस्रोत तथा सिँचाइ विकास डिभिजन सिन्धुलीको काम अलपत्र पारेपछि बि.के.बि कन्स्ट्रक्सन एन्ड सप्लायर्सलाई एक वर्षका लागि, सन्धिखर्क नगरपालिकाको सिफारिसमा ब्लुबर्ड डिजाइन एन्ड कन्स्ट्रक्सनलाई एक वर्ष, सडक डिभिजन कार्यालय इलामको सिफारिसमा बुढाथोकी निर्माण सेवालाई एक वर्ष र सडक डिभिजन भरतपुरको सिफारिसमा तीन कम्पनी नयाँ निर्माण सेवा, शुभम् कन्स्ट्रक्सन र जय भगवती निर्माण सेवालाई एक÷एक वर्षका लागि कालोसूचीमा राखिएको छ । भरतपुर महानगरपालिकाको सिफारिसमा अर्भन कन्स्ट्रक्सन लिमिटेडलाई एक वर्षका लागि कालोसूचीमा राखिएको छ भने भरतपुर महानगरपालिकाकै सिफारिसमा अन्जल निर्माण सेवा एक वर्ष, अनुष्ठान कन्स्ट्रक्सन डेढ वर्ष र युद्ध निर्माण सेवा एक वर्षका लागि कालोसूचीमा परेका छन् । त्यस्तै दोलखाको बिगु गाउँपालिकाको काम पूरा नगर्ने लामा बुद्ध निर्माण तथा सामग्री सप्लायर्स प्राइभेट लिमिटेडलाई डेढ वर्ष, तनहुँको व्यास नगरपालिकाको काम अपूरो छोड्ने एक्सन बिल्डर्स प्रालि एक वर्ष र बर्दियाको बारबर्दिया नगरपालिकाको काम अलपत्र पार्ने नुरी कन्स्ट्रक्सनलाई एक वर्षका लागि कालोसूचीमा राखिएको खरिद अनुगमन कार्यालयले जनाएको छ ।

# सामान्य अङ्कले घट्यो नेप्से परिसूचक

**रासस**
**काठमाडौँ ।**
यो साता कारोबारको पहिलो दिन हिजो आइतबार उच्च अङ्कले घटेको नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक सोमबार दोस्रो दिन पनि घटेको छ । नेप्से परिसूचक तीन दशमलव २१ अङ्कले घटेर दुई हजार ४८ दशमलव २६ को बिन्दुमा कायम भएको छ ।
दुई सय ६७ कम्पनीको ६६ लाख ४७ हजार एक सय ४३ कित्ता शेयर एक लाख एक हजार दुई सय ३६ पटक खरिदबिक्री हुँदा दुई अर्ब ३३ करोड ३५ लाख ७३ हजार दुई सय ९७ रुपैयाँ बराबरको कारोबार भएको नेप्सेले जनाएको छ ।
बैंकिङ, जलविद्युत्, लगानी र अन्य समूहको उपसूचक घटेको छ भने बाँकी सबै समूहको उपसूचक बढेको छ ।
बैंकिङ समूह १२ दशमलव १९, जलविद्युत् सात दशमलव ३४, लगानी शून्य दशमलव ०३ र अन्य समूह पाँच दशमलव ५७ अङ्कले घटेको हो । उपसूचक बढ्नेमा सबैभन्दा धेरै होटल तथा पर्यटन समूहको उपसूचक ७६



दशमलव ४६ र जीवन बीमा समूहको उपसूचक ६० दशमलव १४ अङ्कले बढेको छ । विकास बैंक ५३ दशमलव ५६, वित्त २८ दशमलव ८७, उत्पादन तथा प्रशोधन चार दशमलव १५, लघुवित्त ११ दशमलव ०१ र म्युचुअल फन्ड समूह शून्य दशमलव ०१ अङ्कले बढेको छ ।
त्यस्तै, निर्जीवन बीमा समूह सात दशमलव ७३ र व्यापार २७ दशमलव १५ अङ्कले बढेको नेप्सेले जनाएको छ । नेपाल रिपब्लिक मिडिया लिमिटेडको शेयर मूल्य सबैभन्दा धेरै नौ दशमलव ९९ प्रतिशतले बढेको छ । धेरै घट्नेमा भने छ्याङ्दी हाइड्रोपावर लिमिटेडको शेयर मूल्य छ दशमलव ४५ प्रतिशतले घटेको छ । कारोबार रकम र कारोबार भएका शेयर सङ्ख्याका आधारमा सबैभन्दा धेरै आइएमइ लाइफ इन्स्योरेन्स कम्पनीको ४३ करोड ६२ लाख ५९ हजार तीन सय ४८ रुपैयाँ बराबरको सात लाख एक हजार आठ सय तीन कित्ता शेयर किनबेच भएको छ ।

# सुनसान चितवनका पसल

**रासस**
**नारायणगढ ।**
अर्थतन्त्र चलायमान हुन नसक्दा नारायणगढका कपडा पसलमा सेवाग्राहीको उपस्थिति न्यून भएको छ । सहरी क्षेत्रमा महँगो भाडा तिरेर पसल गरेका व्यवसायी पसल बन्द गर्ने स्थितिमा पुगेका छन् । भाडा तिर्नसमेत आम्दानी हुन छाडेपछि व्यापारी चिन्तत छन् । 'विगतमा यहाँका पसलमा जाँदा पसलेलाई बोल्ने फुर्सदै हुँदैन्थ्यो, प्रायः पसले व्यापार गर्नको हतारमै हुनुहुन्थ्यो', कपडा व्यवसायी सङ्घ चितवनका कार्यालय सचिव वासु दवाडीले भने 'हिजोआज जुन कपडा पसलमा गए पनि सुनसान छन् ।'
दवाडीले सङ्कको कार्यालय सचिवको जिम्मेवारी बहन गर्नुका साथै नारायणढका केही कपडा पसलको लेखापालको समेत काम गर्नुहुन्छ । उनी भन्छन् 'जुनसुकै समयमा पनि ग्राहकको भीड हुन्थ्यो, कपडा किन्न आउनेहरु पसलमा टुट्दैनथे, तर हिजोआज जताततै सुनसान छ ।' उनले पहिला दैनिक हिसाब राख्ने पसलले पछिल्लो समय दुई चार दिन बिराएर हिसाब राख्न बोलाउने गरेको उनको अनुभव छ ।
कपडा व्यवसायी सङ्घका अध्यक्ष गुणराज पौडेल आफूले व्यापार सुरु गरेको २० वर्षमा यस वर्षजस्तो मन्दि कुनै वर्ष पनि नभएको बताउँछन् । उनी भन्छन् 'सङ्घमा एक सयभन्दा बढी व्यवसायी आवद्ध हुनुहुन्छ, सबैको हालत उस्तै छ, कसैको पनि व्यापार छैन ।' आम उपभोक्तामा क्रयशक्ति घट्नु, जग्गाको कारोबार नहुनु र कोभिडको असर हाल आएर देखापर्नुले गर्दा यस्तो भएको उनको बुझाइ छ ।
विगतका वर्षमा यही समयमा दैनिक एक लाख ५० हजार रुपैयाँभन्दा बढीको व्यापार हुने कपडा पसलमा अहिले ७५ प्रतिशतले गिरावट आएको अध्यक्ष पौडेलको भनाइ छ ।

# पाकिस्तान रेल दुर्घटनाः ३० जनाको मृत्यु, दर्जनौँ घाइते



**बिबिसी ।**
पाकिस्तानको सिन्ध प्रान्तमा भएको एउटा रेल दुर्घटनामा कम्तीमा ३० जनाको मृत्यु भएको र १०० जना घाइते भएको प्रहरीले पुष्टि गरेको छ । उक्त रेलमा झन्डै १,००० यात्रु सवार थिए । देशको सबैभन्दा ठूलो सहर कराँचीबाट करिब २७५ किलोमिटर पर अवस्थित नवाबशाहको सहारा रेलवे स्टेसन नजिकै हजारा एक्सप्रेसका आठ वटा डिब्बाहरू मध्ये दुई वटा पुरै पल्टिएका हुन् । ती ३ वटा डिब्बा रेलको लिकबाट खसेको जनाइएको छ । घाइते यात्रुलाई उद्धार गरी नजिकैको अस्पताल पुऱ्याइएको छ । आवश्यक परेको खण्डमा घाइतेहरूलाई उपचारका लागि सेनाको हेलिकप्टरमार्फत् कराँची वा हैदरावाद लगिने सिन्ध प्रान्तका मुख्यमन्त्री सैयद मुराद अली शाहले बताएका छन् ।

भुक्तभोगीको बयान

दुर्घटनास्थलमा परेका राशिद अली आदमले बीबीसी उर्दूसँग आफ्नो अनुभव सुनाएका छन् । उनले भने, 'दुर्घटनाअघि मेरा छोराछोरी र श्रीमती आराम गरिरहेका थिए । अचानक डिब्बा पटरीबाट बाहिरियो र पल्टियो ।' 'मलाई केही बेरसम्म होस थिएन । जब होसमा आएँ तब मैले आफ्नी श्रीमती र छोराछोरीको बारेमा सोचेँ । आफूले भोगेका सबै चोटहरू बिर्सिएर उनीहरूलाई खोजेँ तर कोही पनि मेरो अगाडि थिएनन् ।' उनले आफ्नो परिवारको खोजी थालेको र सबै जना 'भाग्यवश नजिकै भाँचिएको डिब्बामुनि थिचिएको' पाए । परिवारका सबै जना सँगै थिए र सहयोगको याचनासहित चिच्याइरहेका थिए । आफूले उनीहरूलाई हौसला प्रदान गरेको र तत्काल त्यहाँबाट निकालेर एक जना मोटरसाइकल चालकको सहायतामा अस्पताल पुऱ्याएको राशिदले सुनाए । जकोबाबादका असलम पनि छोरासँगै सोही रेलमा सवार थिए । उनी भन्छन्, 'हामी सुतिरहेका थियौँ । अचानक डिब्बा पटरी बाहिर गयो र सर्वनाश भयो ।' उनलाई केही चोट लागेको छ । रेलमा सवार नसीर अहमदको गन्तव्य रावलपिन्डी थियो । उनी भन्छन्, 'रेलको डिब्बा पटरीबाट निस्किएपछि म झ्यालबाट बाहिर हुत्तिएँ र बच्न सफल भएँ ।' उनले धेरै महिला र बालबालिकाहरू भुइँमा लडिरहेको देखेको बताए । 'उनीहरू रुँदै, कराउँदै थिए । त्यस्तो परिस्थितिमा के गर्ने मलाई थाहा थिएन । त्यहाँ नजिकै एउटा नहरमा फोहर पानी थियो । मैले त्यसैलाई अँजुलीमा उठाएँ र बेहोस भएकाहरूको अनुहारमा खन्याएँ ।' त्यसो गर्दा उनीहरू होसमा आउने उनको ठम्याई थियो । नसीर अहमद भन्छन्, 'एउटी महिला आफ्नो छोराको छेउमा बसेर 'उठ्, उठ्' भन्दै कराइरहेकी थिइन् तर सायद बच्चाको मृत्यु भइसकेको थियो । ऊ चलमलाई रहेको थिएन ।' स्वयंसेवक रफिक लसारीका अनुसार नाजुक अवस्थामा निकालिएका २० जनाको शवहरू मध्ये केही बालबालिकाको समेत छन् । घटनास्थलमा निकै गर्मी थियो र दुर्घटनामा परेकाहरू पानी खोज्दै हिँडिरहेका थिए ।

पछिल्लो विवरण के छ ?

उद्धार टोलीले भग्नावशेषमा फसेका अन्य मानिसहरूलाई निकाल्ने प्रयास भने जारी छ । स्थानीय प्रहरी अधिकारी अबिद बलोचले दुर्घटनाग्रस्त रेलका ८ डिब्बा खालि गरिएको र दुई वटालाई सिधा बनाउन क्रेन मगाइएको जानकारी दिए । नवाबशाह र नजिकैको सिन्ध जिल्लाका अस्पतालहरूमा सङ्कटकाल घोषणा गरिएको छ । सामाजिक सञ्जालमा राखिएका भिडिओहरूमा पल्टिएका डिब्बाहरूमाथिबाट केही यात्रुहरू निस्किरहेको देख्न सकिन्छ । सङ्घीय रेलवे तथा उड्डयन मन्त्री ख्वाजा साद रफिकलाई उद्धृत गर्दै स्थानीय सञ्चारमाध्यमहरूले दुर्घटनाको कारणबारे अनुसन्धान गर्नुअघि सुरुमा उद्धारमा ध्यान दिइने उल्लेख गरेका छन् । लाहौरमा एउटा पत्रकार सम्मेलनमा उनले भने, 'रेल सही गतिमा गुडिरहेका थियो र उसको स्पिड ४५ किलोमिटर प्रतिघण्टा रहेको थियो ।' उनले प्राविधिक गडबडीका कारण दुर्घटना भएको हुनसक्ने बताए । यसअघि उच्च गतिका कारण उक्त दुर्घटना भएको आशङ्का गरिएको थियो । ठूलो सङ्ख्यामा स्थानीयवासिन्दाहरू घटनास्थलमा पुगेका छन् । उनीहरूले यात्रुहरूलाई बाहिर निकाल्न सहयोग गरिरहेका छन् । कराचीभन्दा करिब २७५ किलोमिटर पर हजारा एक्सप्रेसको सो रेल दुर्घटनाग्रस्त भएको थियो । उक्त रेल कराचीबाट एबटाबादतर्फ गइरहेको बताइएको छ । दुर्घटनास्थलमा रहेका मोहम्मद उस्मान मल्लाहले भनेका छन्, 'कैयौँ यात्रीहरू डिब्बाको मुन्तिर थिचिएका छन् । त्यसमध्ये कतिपयको अवस्थामा गम्भीर छ ।' पाकिस्तानको पुरानो रेलवे प्रणालीमा यस्ता दुर्घटना नौलो होइन् । सन् २०२१ मा सिन्ध प्रान्तमा दुईवटा रेल एक आपसमा ठोक्किँदा कम्तीमा ४० जनाको ज्यान गएको थियो भने दर्जनौँ घाइते भएका थिए । सन् २०१३ देखि सन् २०१९ सम्म यस्ता दुर्घटनामा १५० जनाको ज्यान गएको स्थानीय सञ्चारमाध्यमहरूले जनाएका छन् ।

# बालबालिका अत्यधिक गर्मीको सामना गर्दैः संयुक्त राष्ट्रसङ्घ

**सिन्ह्वा**
**नयाँदिल्ली ।**
संयुक्त राष्ट्रसङ्घले जलवायु परिवर्तनको प्रभाव बढ्दै जाँदा दक्षिण एसियाका तीन चौथाइ बालबालिकाले खतरनाक उच्च तापक्रमको सामना गर्नु परिरहेको चेतावनी दिएको छ । संयुक्त राष्ट्रसङ्घीय बालबालिकासम्बन्धी निकाय (यूनिसेफ) का अनुसार दक्षिण एसियामा करिब ४६ करोड बालबालिका अत्यधिक गर्मीको मारमा परेका छन् ।

युनिसेफका दक्षिण एसिया क्षेत्रीय निर्देशक सञ्जय विजसेकेराले भन्नुभयो, 'विश्व नै जलवायु परिवर्तनको नकारात्मक प्रभावबाट उथलपुथलको चपेटामा परिरहेको अवस्थामा तथ्याङ्कले दक्षिण एसियाका लाखौं बालबालिकाको जीवन र कल्याणलाई गर्मी र उच्च तापक्रमका कारण खतरामा पारेको स्पष्ट देखाउँछ ।' संयुक्त राष्ट्रसङ्घले अफगानिस्तान, बङ्गलादेश, भारत, माल्दिभ्स र पाकिस्तानका बालबालिका जलवायु परिवर्तनको प्रभावको 'उच्च जोखिममा' रहेको चेतावनी दिएको छ र एक वर्षमा ८३ वा सोभन्दा बढी दिन अत्यधिक उच्च तापक्रमलाई ३५ डिग्री सेल्सियस (९५ डिग्री फरेनहाइट) भन्दा बढी हुने अवस्थाको रूपमा परिभाषित गरेको छ ।

बच्चाहरू तापमान परिवर्तनको लागि छिटो अनुकूलन गर्न सक्दैनन्, र उनीहरूको शरीरबाट अतिरिक्त गर्मी हटाउन सक्षम हुँदैनन् । 'साना केटाकेटीहरूले गर्मी सहन सक्दैनन्,' विजेसेकेराले भने । 'हामीले अहिले नै कदम नचालेमा यी बालबालिकाले आगामी वर्षहरूमा अझ बढी बारम्बार र अझ तीव्र गर्मीको सामना गर्नुपर्नेछ ।' सन् १८०० को दशकको उत्तरार्धदेखि लगभग १.२ डिग्री सेल्सियस को विश्वव्यापी तापक्रम वृद्धि, जीवाश्म ईन्धनको जलनद्वारा सञ्चालित हुने उद्योग तथा कलकारखाना र मोटर तथा मेसिनसम्बन्धी प्रयोगले बारम्बार गर्मीको तरङ्गलाई तातो, लामो र अधिक बनाएको छ, साथै अन्य आँधी र बाढी चरम मौसमी गतिविधिलाई तीव्र बनाएको छ ।

युरोप, एसिया र उत्तरी अमेरिकाका केही भागका दशौं लाख मानिसहरूलाई प्रभावित गर्ने विश्वव्यापी तापक्रमका कारण तीव्र गर्मी बढेको जुलाई महिना विश्वव्यापी रूपमा रेकर्ड गरिएको अहिलेसम्मकै सबैभन्दा तातो महिना थियो । वैज्ञानिकहरूका अनुसार विश्वले पहिले नै उत्सर्जनका कारण उत्पन्न गर्मी र अन्य प्रभावहरूको अनुकूलन गर्न आवश्यक छ र भविष्यमा अझ खराब हुनबाट जोगिन यस दशकमा कार्बन प्रदूषण उत्सर्जनलाई नाटकीय रूपमा घटाउनु पर्छ ।

# युक्रेन सङ्कटबारे जेद्दाह बैठक

**सिन्ह्वा**
**रियाद ।**
युक्रेन सङ्कटसम्बन्धी वार्ता साउदी अरबको जेद्दाह शहरमा आइतबार सम्पन्न भएको छ ।
वार्तामासहभागीहरूले शान्तिका लागि साझा आधार निर्माण गर्न अन्तर्राष्ट्रिय प्रयासजारी राख्नपर्नेमा जोड दिएका छन् । दुई दिनसम्म चलेको बैठकमा सहभागीले प्रस्तुत विचार र सकारात्मक सुझावबाट लाभान्वित हुनुपर्नेमा पनि जोड दिएका थिए ।
साउदी अरबका राज्यमन्त्री तथा राष्ट्रिय सुरक्षा सल्लाहकार मुसाद बिन मोहम्मद अल–ऐबानको अध्यक्षतामा भएको बैठकमा चीन, संयुक्त राष्ट्रसङ्घलगायत ४० भन्दा बढी देश तथा अन्तर्राष्ट्रिय संस्थाका सुरक्षा सल्लाहकार तथा प्रतिनिधिको सहभागिता थियो ।
यसैबीच मस्कोबाट प्राप्त समाचारमा रूसको मस्को क्षेत्रमा रहेको हवाई प्रतिरक्षा प्रणालीले युक्रेनी ड्रोन ध्वस्त पारेको रुसी रक्षा मन्त्रालयले आइतबार जनाएको छ । स्थानीय समयअनुसार बिहान ११:२७ बजे युक्रेनी पक्षले मस्को क्षेत्रमा मानवरहित हवाई गाडीको प्रयोग गरी आक्रमण गर्ने प्रयास गरेको र त्यसलाई विफल पारिएको मन्त्रालयले जनाएको छ । यस घटनामा कुनै मानवीय क्षति भएको खबर प्राप्त भएको छैन ।

त्यसैगरी वासिङ्टनबाट प्राप्त समाचारमा अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिन्केन र टर्कीका विदेशमन्त्री हकान फिदानबीच शनिबार फोनवार्ता भएको अमेरिकी विदेश मन्त्रालयले जनाएको छ । ब्लिन्केनले 'ब्ल्याक सी ग्रेन इनिसियटिभ'मा नेतृत्व गरेकोमा टर्कीलाई धन्यवाद दिनुभएको छ ।'
युक्रेनलाई आफ्नो 'ब्ल्याक सी' बन्दरगाहबाट आफ्नो अनाज र अन्य कृषि उत्पादनहरू निर्यात गर्न अनुमति दिने पहलका लागि जुलाई २०२२ मा टर्की र संयुक्त राष्ट्रसङ्घद्वारा मध्यस्थता गरिएको थियो र रूसले सम्झौतामा आफ्नो सहभागिता निलम्बन गरेपछि गत महिना समाप्त भएको थियो ।

# एएफसी कपका लागि मछिन्द्र र पारो तयार

**मधेशदृष्टि**
**काठमाडौं ।**
एएफसी कपको प्रारम्भिक चरणमा नेपालको मछिन्द्र फुटबल क्लबले भुटानको पारो एफसीसँग खेल्दै छ । मंगलबार बेलुकी त्रिपुरेश्वरस्थित दशरथ रंगशालामा हुने खेलका लागि दुवै टिमले आफूहरु तयार रहेको बताएका छन् । सोमबार भएको प्रिम्याच कन्फेरेन्समा दुवै टोलीका कप्तान र प्रशिक्षकले खेलका लागि तयार भएको बताए ।
मछिन्द्रका प्रशिक्षक किशोर केसीले सबै प्रशिक्षण सकेर खेलका लागि तयार रहेको बताएका छन् ।
खेलका लागि राम्रो स्ट्राइकर चाहिने भएकाले ७ जना खेलाडी थप गरिएको जानकारी दिँदै उनले उनीहरुलाई आवश्यकता अनुसारको पोजिसनमा खेलाउने बताए । लिग च्याम्पियन चर्च ब्वाइजका आशिष चौधरी र एरिक विष्टसहित संकटाका आयुष घलान, थ्री स्टार क्लबका लकेन लिम्बु, एपीएफका सनिष श्रेष्ठ तथा एफसी खुमलटारका रेजिन सुब्बा, रोहित सुब्बार विदेशी खेलाडी मेसुके ओलोमोउलाई मछिन्द्रले यही खेलका लागि आबद्ध गरेको छ । मछिन्द्रका कप्तान विशाल श्रेष्ठले पनि आफूहरु कमजोर रहेको पोजिसनमा नयाँ खेलाडी अनुबन्ध गरेकाले टिम राम्रो बनेको बताए ।



शहीद स्मारक ए डिभिजन लिगको उपविजेता बने पनि मछिन्द्रले भाग्यमानी बन्दै एएफसी कप खेल्ने अवसर पाएको हो । च्याम्पियन चर्च ब्वाइजसँग एएफसी क्लब लाइसेन्स नहुँदा मछिन्द्रले लगातार दोस्रो पटक एएफसी कपमा नेपालको प्रतिनिधित्व गर्न लागेछ । पारो भुटानको लिगमा टप भएर आएको टिम हो । पारोले विदेशी खेलाडीबाट अपेक्षा धेरै गरेको भन्दै केसीले उनीहरुलाई रोक्नु पर्ने बताए । पारो एफसीका प्रशिक्षक पुष्पलाल शर्माले भुटानमा लिग भइरहेकाले आफूहरुको तयारी राम्रो भएको र खेलाडी फर्ममा रहेको बताए ।
राष्ट्रिय खेलाडीसमेत समावेश रहेको मछिन्द्रलाई आफूहरुले कमजोर नआँकेको बताए । दशरथ रंगशालामा आफूले भूटानी समर्थकको अपेक्षा गरेको उनले बताए ।
मछिन्द्र र पारोबीचको खेलको विजेताले दोस्रो चरणमा भारतको इन्डियन सुपर लिग खेल्ने मोहन बगानसँग १६ अगष्टमा खेल्नेछ । १६ अगष्टको खेल जित्ने टिमले प्लेअफमा स्थान बनाउनेछ ।
यो खेलको विजेताले बंगलादेशको ढाका अबहानी र माल्दिभ्सको क्लब इगल्सबीचको विजेतासँग अगष्ट २२ मा प्लेअफ खेल्ने छ । र त्यसको विजेता साउथ जोनबाट एएफसी कपको समूह चरणमा प्रवेश गर्नेछ । पारोका कप्तान किनले वाङ्चुकले मछिन्द्रको खेल जितेमा अगाडिको बारेमा सोच्ने बताए । मछिन्द्रले गत वर्ष पनि प्रारम्भिक चरण खेलेको थियो । तर श्रीलंकन क्लब ब्लु स्टारसँग घरेलु मैदानमै पराजित भएपछि यात्रा अघि बढ्न सकेन । यस पटक भने मछिन्द्रले त्यसबाट पाठ सिक्दै अगाडि बढ्ने लक्ष्य राखेको बताएको छ ।

# आमा र छोरी पहिलो पटक अन्तरिक्ष जाँदै



*'यो अनुभव मेरा लागि स्कटल्यान्डमा होस या एन्टिगामा दुवै ठाउँमा वा मेरो सम्बन्ध नभएको जुनसुकै ठाउँमा धेरै महत्त्वपूर्ण हुनेछ,' उनी भन्छिन् । 'मलाई मानिसहरूले हामीलाई हेरिरहेका छन् र समर्थन गरिरहेका छन् भन्ने विश्वास छ ।' 'मेरो उद्देश्य भनेको हामीले आफ्नै लागि वा संसारले हाम्रा लागि सिर्जना गरेको कुनै पनि बाधा अड्चन तोड्नु हो ।'*

**बिबिसी ।**
यूकेको एबरडिन यूनिभर्सिटीकी एक १८ वर्षीया छात्रा र उनकी आमाले भर्जिन ग्यालेक्टिकको दोस्रो व्यावसायिक अन्तरिक्ष उडानमा सहभागी हुन पाउने चिट्ठा जितेका छन् । उनीहरूले यही साता अन्तरिक्षको यात्रा गर्ने अवसर पाउने भएका छन् ।
एनेस्टेसिया मेयर्स र उनकी आमा केइशा शाहाफ सँगै अन्तरिक्षमा जाने पहिलो आमा र छोरी हुने छन् । क्यारबिअन क्षेत्रबाट अन्तरिक्षमा पुग्ने पनि उनीहरू नै पहिलो मानिस बन्नेछन् ।
केइशाले आफ्नी छोरीको भिसा सम्बन्धी समस्या समाधान गर्न यूकेको यात्रा गर्दै गर्दा उक्त प्रतिस्पर्धामा प्रवेश गरेकी हुन् ।
उनी एन्टिगाबाट लन्डनका लागि भर्जिन एटलान्टिकको हवाई यात्राको उडानमा छँदा अचानक एउटा विज्ञापनमा उनको आँखा पऱ्यो । 'मैले त्यो सम्भावित अवसरका लागि आवेदन दिएको थिएँ ।
त्यसको केही महिनापछि अचानक मलाई शीर्ष २० जनामा परेको जानकारी प्राप्त भयो र त्यसको केही समयपछि शीर्ष पाँच हुँदै विजेता बनेको खबर पाएँ,' उनी भन्छिन् । 'एकदिन अचानक, मेरो आँगनमा को हिँडिरहेको थियो थाहा छ ? रिचर्ड ब्रानसन । उनको पूरै टोली 'तिमी विजेता हौ र अन्तरिक्षमा जाँदै छौ' भन्दै मेरो घरमा पस्यो ।'
एनेस्टेसिया भने क्यारबिअनबाट पढ्नका लागि स्कटल्यान्ड जाने आफ्नो निर्णयका कारण अन्तरिक्षमा जाने अवसर प्राप्त भएको बताउँछिन् । 'यदि मैले संयोगवश एबरडीन युनिभर्सिटी नरोजेको भए र भिसाका लागि अधिक मिहेनत नगरेको भए हामीले अन्तरिक्षमा जाने अवसर पाउने थिएनौँ,' उनी भन्छिन् । 'मलाई लाग्छ हामी यहाँसम्म पुग्नका लागि निश्चित समयमा थुप्रै अवस्थाहरूबाट गुज्रनुपर्यो ।'
दर्शन तथा भौतिकशास्त्र दोस्रो वर्षमा अध्ययनरत उनी स्कटल्यान्डमा अध्ययन गर्न आउनु आफ्नो जीवनको सबैभन्दा ठूलो निर्णय भएको बताउँछिन् । सोही निर्णयले थुप्रै 'असाधारण घटनाक्रमसम्म डोऱ्याएको' उनको बुझाई छ ।
यी आमाछोरीले बिहीवार अमेरिकाको न्यू मेक्सिकोबाट अन्तरिक्ष तर्फ प्रस्थान गर्नेछन् । ग्यालेक्टिक ०२ नाम दिइएको यो अभियान अमेरिकी अन्तरिक्ष कम्पनीले सञ्चालन गरेको दोस्रो व्यावसायिक अन्तरिक्ष उडान हो । यसका लागि अन्य यात्रुहरूले शुल्क तिरेका छन् । विज्ञापनमा जनाएअनुसार रकेटमा उडानका लागि चार लाख पचास हजार डलरभन्दा बढी खर्च लाग्छ । ग्यालेक्टिक ०१ मिसन गत जुन महिनामा भएको थियो । यो २,७९,००० फिटको उचाइमा पुगेको थियो । दोस्रो मिसनले पनि त्यही मार्ग लिने अनुमान गरिएको छ ।
'चन्द्रमाभन्दा माथि'
अन्तरिक्षमा जाने दोस्रो सर्वाधिक कान्छी व्यक्ति बन्ने एनेस्टेसियाले आफ्नो यात्रा अनुभवले अरूलाई प्रेरित गर्न सक्ने आशा व्यक्त गरेकी छन् । 'यो अनुभव मेरा लागि स्कटल्यान्डमा होस या एन्टिगामा दुवै ठाउँमा वा मेरो सम्बन्ध नभएको जुनसुकै ठाउँमा धेरै महत्त्वपूर्ण हुनेछ,' उनी भन्छिन् । 'मलाई मानिसहरूले हामीलाई हेरिरहेका छन् र समर्थन गरिरहेका छन् भन्ने विश्वास छ ।' 'मेरो उद्देश्य भनेको हामीले आफ्नै लागि वा संसारले हाम्रा लागि सिर्जना गरेको कुनै पनि बाधा अड्चन तोड्नु हो ।' 'तपाईं कहाँको हो, तपाईं को हो वा यस्ता कुनै पनि कुराले अर्थ राख्दैनन् । तपाईंको सपना महत्त्वपूर्ण विषय हो र जसले जे भने पनि तपाईं यसलाई पूरा गर्न सक्नुहुन्छ । मानिसहरूले यो बुझ्न आवश्यक छ ।'
केइशा थप्छिन्ः 'म र मेरी छोरीका लागि यो सपना पूरा हुनुभन्दा पनि ठूलो कुरा हो ।' 'उनी मेरी सन्तान हुन् । म उसलाई अन्तर हृदयदेखि प्रेम गर्छु । झन् हामी दुवैको लक्ष्य र सपना पनि एउटै छ– चन्द्रमाभन्दा माथि पुग्नु ।' यो जोडीसँगै न्यूक्यासलका पूर्व टिम जीबी ओलम्पियन जोन गुडविन पनि यात्रामा सामेल हुनेछन् । उनी अन्तरिक्षमा जाने पार्किन्सन्स भएका दोस्रो व्यक्ति तथा पहिलो ओलम्पियन बन्नेछन् ।

# गान्धीको सांसद सदस्यता पुनःबहाली



**एएनआई**
**नयाँदिल्ली ।**
'मोदी' उपनामको टिप्पणी गरेको मुद्दामा गुजरात उच्च अदालतबाट दोषी ठहरिएका राहुल गान्धीको सदस्यतालाई लोकसभा सचिवालयले सोमबार पुनःबहाली गरेको छ । भारतको सर्वोच्च अदालतले गत हप्ता (सन् २०२३ अगस्ट ४) मा गरेको एक फैसलाले गान्धीको पुनरावेदनमाथि उहाँविरूद्धको सजाय र वायनाडबाट निर्वाचित सांसद सदस्य निलम्बनको निर्णय रोक्न आदेश सुनाएको थियो ।
सर्वोच्चको फैसलाका आधारमा लोक सभा सचिवालयले आज गान्धीको वायनाडबाट लोक सभाका लागि भएको प्रतिनिधित्वलाई पुनःबहाली गरेको हो ।
'२४ मार्च, २०२३ को अधिसूचना नं २१/४(३)/२०२३/टीओ (बी) को निरन्तरतामा, भारतको सर्वोच्च अदालतले सन् २०२३ अगस्ट ४ मा विशेष अपील अनुमति (सीआरएल) नम्बर ८६४४/२०२३ मा एक आदेश पारित गरेको छ, जसले केरलाको वायनाड संसदीय निर्वाचन क्षेत्रको प्रतिनिधित्व गर्ने लोकसभा सदस्य राहुल गान्धीको दोषसिद्धिमा रोक लगाएको छ,' लोकसभा सचिवालय द्वारा जारी एक आधिकारिक अधिसूचनामा भनिएको छ ।
'भारतको सर्वोच्च अदालतको अगस्ट ४ को आदेशलाई ध्यानमा राख्दै, राहुल गान्धीको अयोग्यताको लागि, १४ मार्च, २०२३ को राजपत्र अधिसूचना नम्बर २१÷४ (३)/२०२३/टीओ (बी) द्वारा अधिसूचित गरिएको भारतको संविधानको धारा १०२ (१) (ई) को प्रावधानको साथ जन प्रतिनिधित्व अधिनियमको १९५१, धारा ८ बमोजिम थप न्यायिक निर्णयको अधीनमा रहेर काम गर्ने व्यवस्था रोकिएको छ ।'

सर्वोच्च अदालतले शुक्रबार एक अन्तरिम आदेश जारी गर्दै 'मोदी उपनाम' टिप्पणीलाई लिएर आपराधिक मानहानिको मुद्दामा गान्धीको सजायमा रोक लगाएको थियो ।
गुजरात उच्च अदालतको आदेशलाई चुनौती दिने काङ्ग्रेस नेताको अपिलमा सर्वोच्च अदालतले जुलाईमा गुजरात सरकार र उजुरीकर्तालाई सूचना जारी गरेको थियो । उक्त अदालतले यसअघि आफ्नो आदेशमा राहुललाई 'मोदी उपनाम' को टिप्पणीका कारण सुरत अदालतले दुई वर्षको जेल सजाय सुनाएको आपराधिक मानहानिको मुद्दामा उहाँको सजाय रोक्न अस्वीकार गरेको थियो ।

यस मुद्दामा दोषी ठहर भएपछि गान्धीलाई मार्च २४ मा केरलाको वायनाडबाट सांसदपदका लागि अयोग्य घोषित गरिएको थियो ।

# संस्कृति रक्षाका लागि समरस नेपालको पहल




**मधेशदृष्टि**
**जनकपुरधाम ।**
संस्कृति रक्षाका लागि समरस नेपालले पहल सुरु गरेको छ । समरस नेपाल नामक संगठनको नेतृत्वमा 'संस्कृति रक्षा उद्घोष' कार्यक्रम सम्पन्न भएको छ । श्रावण महिनाको पवित्र सोमवारका दिन महोत्तरी र धनुषाको बाह्र महादेव मठहरुमा समरसको मूल उदेश्य 'सेवा, संस्कृति सुरक्षा' लाई केन्द्रमा राखी सनातनी नाराहरु लगाएका छन् । महोत्तरीको पाटु कपिलेश्वर महादेव, टूटेश्वरनाथ महादेव, मगरथाना मंगलनाथ महादेव, पंचधूरा माई स्थान, जलेश्वरनाथ महादेव र पवित्र स्थल मटिहानीको साथै धनुषाको जनकपुरधाम, प्रानेश्वरनाथ ईटहर्वा, औरही, सतोषर महादेव, धनुषाधाम र क्षिरेश्वरनाथ महादेव महेन्द्रनगर सहितका स्थानमा एकसाथ र एकसमय मा संस्कृति रक्षा उद्घोष गरिएको छ ।

समरसका संयोजक चन्दन दुबेका अनुसार सनातनी धर्म, मूल्य, मान्यताको मर्म संरक्षणार्थ समरसले माथि उल्लेखित क्षेत्रहरुमा बढ्दै गएको धर्मान्तरणलाई ध्यानमा राखी यो जाग्रण अभियानको अनुष्ठान गरिएको छ । र आधुनिकताको नाममा देशमा ब्याप्त सामाजिक, आर्थिक, सांस्कृतिक बेतिथी अन्त्यका लागि यो उद्घोष गरेको जानाकारी समरसका संयोजक चंदन दुबेले जानकारी गराए । नेपालमा सस्तो लोकप्रियताको नाममा कहिले सीता त कहिले रामको जन्म स्थललाई बिवादको मुद्दा बनाउन खोज्ने शक्तिहरुबाट सचेत रह्न समेत आह्वान गरिएको छ ।

समरसले धनुषा र महोत्तरीका यिनै १२ शिवालय नै किन राज्यो भन्ने जिज्ञाशामा संयोजक दुबेले यसलाई केही समयका लागि भविष्यको गर्वगृहमा रह्न दिउँ भनी जवाफ फर्काए । करिब दुई सय जनाको उपस्थीतिमा गरिएको संस्कृति रक्षा उद्घोषको सांगठनिक संरचना र कार्ययोजनाहरु सहित आजको समयमा सनातनी मूल्य मान्यतामा आधारित संकल्पहरु साझा गरिनेछ ।

# मैथिली भाषालाई कामकाजी भाषाको मान्यता दिन ज्ञापन



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेशको कामकाजी भाषा मैथिली भाषा बनाउन मैथिली अभियानीहरुले पहलमा तिव्रता दिएको छ । मैथिली भाषालाई मधेश प्रदेशको कामकाजी भाषाको रुपमा कार्यान्वयन गर्न सरकारलाई ज्ञापन पत्र र हस्ताक्षर संकलन बुझाइएको छ । अप्पन विराटगढ परोपकार समाजसहितका संस्थाले संयुक्त रुपमा मधेश प्रदेशकी मन्त्री सुरिता साहलाई ज्ञापन पत्र बुझाएको हो ।

समाजका अध्यक्ष बसुन्धरा झाले मैथिली भाषाप्रति षड्यन्त्र भइ रहेको भन्दै मैथिली भाषा, कला, संस्कृति, साहित्यको संरक्षण, सम्वद्र्धन, प्रवद्र्धन गर्न सरकार उदासीन देखिएको आरोप लगाएकी छन् । मधेश प्रदेशका बिना विभागीय मन्त्री सुरिताकुमारी साहलाई आइतबार ज्ञापनपत्र बुझाउँदै उनले मैथिली भाषालाई कामकाजी भाषाको रुपमा मधेश प्रदेशमा भाषा आयोगले सिफारिस गरेको भए पनि निजी स्वार्थ भएकाहरुले मैथिली भाषाबाट जीविकोपार्जन गरे पनि हाल हिन्दीलाई कामकाजी भाषा बनाउनुपर्ने सल्लाह र सिफारिस मा उद्यत रहेको आरोप लगाएकी छन् । मधेश प्रदेशमा बहुसंख्यक मैथिली भाषा भाषीहरुको बसोबास भएकाले मैथिलीको पहिचान, मैथिलीको अस्तित्वको रक्षा गर्न एक कदम पनि पछाडि नहटे उनले बताइन् । यस विरुद्ध षड्यन्त्र गर्नेहरुलाई पनि उनले सचेत गराइन् । साथै उनले प्राथमिक तहदेखि नै मैथिली भाषामा पठन पाठन गराउन माग समेत गरिन् ।

## भावपूर्ण श्रद्धाञ्जली



### स्व. हरिबहादुर श्रेष्ठ

माईस्थान सञ्चालक समितिका सल्लाहकार श्री हरिबहादुर श्रेष्ठज्यूको मिति २०८०–४–२२ गतेका दिन असामयिक स्वर्गबास भएकामा हामी शोकाकुल एवम् मर्माहत भएका छौँ । यस दुःखको घडीमा दिवगत आत्माको चिरशान्तिको कामना गर्दै शोक सन्तप्त परिवारजनप्रति श्री गहवा माईले धैर्य धारण गर्ने शक्ति प्रदान गरून् भनी प्रार्थना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौँ ।

**दीनाप्रसाद गुप्ता**
**अध्यक्ष**
**एवम्**
**माईस्थान सञ्चालक समिति परिवार**
**वीरगंज**

# कपिलेश्वरनाथ मन्दिरमा दर्शनार्थीको भीड़

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
साउन महिनाका सोमबारका दिन महादेवलाई अत्यन्तै श्रद्धाभाव राखी भक्तजनले मान्ने गर्छन् र साउनभरि नै महादेवको मन्दिरमा भक्तजनको ठूलै भीड लागि रहन्छ । यस्तै भीड जनकपुरधामको वडा नम्वर १६ कपिलेश्वरमा रहेको कपिलेश्वरनाथ मन्दिरमा पनि देखिएको छ ।कपिलेश्वर नाथ महादेवको मन्दिर जनकपुरधामको रेल्वेलाइन भन्दा दक्षिणमा अवस्थित छ । गुम्बा जस्तै देखिने यो शिखर शैलीको मन्दिर छ ।

धार्मिक ग्रन्थहरुका अनुसार जनकवंशीय राजा शिरध्वजले जनकपुरको चारै दिशामा महादेवको स्थापना गरेका थिए । ती चार महादेवहरु मध्ये कपिलेश्वरनाथ पनि एक हो । कपिल मुनीको आश्रम समेत यहीँ रहेको मान्यता छ ।मन्दिर परिसरको चारैतिर स–साना मन्दिरहरु बनाएर त्यसमा






भगवानका प्रतिमाहरु स्थापित गरिएका छन । मन्दिरको उत्तर पूर्वमा संतोषी माँ, पूर्व दक्षिणमा गणेश भगवान, दक्षिण पश्चिममा राम जानमी, पश्चिममा शिव पार्वती र पश्चिम उत्तरमा हनुमानजीको प्रतिमा स्थापना गरिएको छ ।

मन्दिर परिसर ५ कठामा फैलिएको छ । यो मन्दिर गुठी अधिनस्थ रहेको छ । मन्दिरमा साउनमा महिनामा तथा शिवरात्रीका दिन ठूलै मेला लाग्ने गर्छ । यहाँ दर्शनार्थीहरुको ठूलो भीड लाग्ने गर्छ ।कपिलेश्वर युवा कमिटीका अध्यक्ष मनोजकुमार साहले कपिलेश्वरनाथ मन्दिरमा पहिलादेखि नै भीड हुनेगरेको छ केही वर्ष यता जानकी मन्दिर दर्शनका लागि आउने पर्यटकहरु पनि कपिलेश्वरनाथ आउने गरेको वताए । कमिटीले सजावटदेखि स्वयंसेवकको व्यवस्थापन गर्ने गर्छन् ।

महादेवलाई अत्यन्तै मनपर्ने महिना साउन । रातो सारी र हरियो चुरा लगाई समूह–समूह बनाई महिलाहरू महादेवको मन्दिरमा जाने गर्छन् । एक किसिमले वातावरण नै रमाइलो पार्दै महिलाको भीड लागिरहेको हुन्छ, महादेवको मन्दिर र बाटोमा । महादेवको प्रिय साउनमा महादेवको व्रत बस्ने चलन छ, नसक्नेहरूले सोमबार मात्र व्रत बस्ने गर्छन्।

जसले विधिपूर्वक महादेवको व्रत बस्छ, ऊ अपुत्र भए पुत्र प्राप्त गर्र्न सक्षम हुन्छ, निर्धन भए धनवान् हुन्छ, अविद्या भएकी भए विद्या प्राप्त गर्न सक्षम हुन्छ, अनि समाजमा बुद्धिमती भई प्रसिद्ध हुन्छे भन्ने जनविश्वास छ । साउन सोमबारे व्रत बस्नाले धर्म पनि प्राप्त हुने धर्मशास्त्रमा बताइएको छ–

*'सोमबारे व्रतं कार्य श्रावण चै यथाविधि ।*
*शक्ते नो पोषणं कार्यमथवा निशि भोजनम् ॥*
*अपुत्रो लभते पुत्रान्निर्धनो धनवान भवेत् ।*
*अविद्यो लभते विद्यामिति धर्मविदो विदुः ॥'*

धनुषाको सदरमुकाम जनकपुरधाममा रहेको प्रसिद्ध कपिलेश्वरनाथ महादेव मन्दिर समेत ख्याती एवं ऐतिहासिकताको हिसाबले प्रसिद्ध मन्दिर हो । 'हामी अहिले यसलाई पर्यटकीय स्थलको रुपमा विकास गरिरहेको, जनकपुरधाम १६ का वडाध्यक्ष रामचन्द्र पंजियारले वताए ।'जलधारा शिवप्रिय' अर्थात् शिवलाई जलधारा मन पर्छ । यसै कारण शिवलाई अखण्ड जलधारा चढाएर वा जलाभिषेक गरेर प्रसन्न तुल्याउने प्रयास गरिन्छ । अभिषेक गर्दा पनि शिवलाई जल, दूध, दही, घिउ, सख्खर, मह, उखुको रस आदिले स्नान गराइन्छ । विशेष चाहना हुनेले सोहीअनुसार विशेष वस्तुले रुद्राभिषेक गर्ने विधान पाइन्छ जानकी मन्दिरका उत्तराधिकारी महन्थ रामरोशन दास वैष्णवले वताए ।

शतरुद्रीय मन्त्रपाठ गरेर अविरल पञ्चामृतमिश्रित जलधारा लगाएर रुद्री गर्ने चलन नेपालमा निकै प्रचलित छ । अभिषेकपछि वस्त्र पहिराएर पञ्चोपचार, षोडषोपचार आदि रीतिले पूजा र प्रार्थना गरिन्छ ।

आशुतोष शिवलाई बेलपत्र, समीपत्र, दूबो, कुश, कमल, नीलकमल, आँक मन्दार, जाईजस्ता फूल चढाएर खुसी पारिन्छ । यसका साथै भोगको रूपमा धतूरो, भाङ, नरिवल आदि चढाइन्छ । भगवान शिवलाई प्रसन्न पार्नका लागि बेलपत्र र समीपत्र चढाइन्छ ।

एक पौराणिक कथा अनुसार जब डेढ हजार ऋषिहरूले महादेवलाई कसरी प्रसन्न तुल्याउन सकिन्छ भनेर परमपिता ब्रह्मासँग सोधे, त्यतिबेला ब्रह्माले भनेका थिए– महादेव सयवटा कमल चढाउँदा जति खुसी हुन्छन् त्यति एक नीलकमल चढाउँदा हुन्छन् । त्यस्तै एक हजार नीलकमल बराबर एक बेलपत्र र एक हजार बेलपत्र बराबर एक समीपत्रको महत्व हुन्छ ।

# ठगी गर्न खोज्ने पक्राउ



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
व्यापारीलाई ठगी गर्न खोज्ने एक जनालाई धनुषा प्रहरीले पक्राउ गरेको छ । उजुरीको आधारमा उनलाई पक्राउ गरिएको हो । जनकपुरधाम उपमहानगरपालिका वडा नं. ५ बस्ने बिनय कुमार दासको छोरा बर्ष ४३ को दिपेन्द्र कुमार दासलाई प्रहरीले पक्राउ गरेको हो । उनलाई ठगी मुद्दामा अनुसन्धानको लागि पक्राउ गरेको हो । महेन्द्रनगरस्थित आईसा सेल्स ट्रेडिँग प्रा.लि. का सँचालक बटेश्वर गाउँपालिका वडा नं. ५ शान्तिपुर बस्ने श्याम सुन्दर महतोले दाससँग ३ करोड ४० लाख रुपैयाँ लिएकोमा उनले मिटरब्याजको नाममा ठगी गर्न खोजेपछि पक्राउ गरिएको बुझीएको छ । दासले बैँक ग्यारेन्टीको नाममा महतोसँग बैँक चेक लिएको बताईएको छ । महतोले दिएको जाहेरीमा ग्यारेन्टी वापत दिएको ४ वटा खाली चेक राखेर रकम बुझेपनि फिर्ता नदिएपछि उनले ठगीको मुद्दा दिन बाध्य भएको हो । दाससँग लिएको रकमको ब्याजसहित पटक पटक गरी सबै रकम तिरिदिएको बैँक स्टेटमेन्टर भौचर समेत महतोसँग रहेको छ । दासले महतोलाई दिएको रकम ब्याजसहित पाएको जाहेरीमा उल्लेख छ । उनले रकम पाएपनि चेक फिर्ता गर्नको लागि भन्दा थप रकमको लागि दबाब दिँदै चेक समेत फिर्ता नगरेपछि मुद्दा हालिएको हो । दासले रकम प्राप्त गरिसकेपछि पनि महतोसँग ब्याज भन्दै थप रकम मागेको बताईएको छ । सम्झौता अनुसार उनले पाउनुपर्ने रकम तिरिदिएको र सो वापत ग्यारेन्टीमा दिएको चेक फिर्ता गर्न आग्रह गरेपछि दासले चेक बाउन्समा फँसाईदिने जस्ता धम्की दिन थालेपछि महतोले प्रहरी गुहारेको हो ।

# जनकपुरधाममा आँखा पाक्ने रोगको प्रकोप

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
आँखा पाक्ने रोगको प्रकोप जनकपुरधाम लगायतको क्षेत्रमा समेत बढ्दै गईरहेको छ । शुरुमा सामान्य स्थितिमा रहेको यो रोग अहिले भयावह स्थितिमा पुगेको छ ।
आँखा पाक्ने रोगीहरुको संख्यामा ह्वात्तै बृद्धि भएपछि जनकपुरधामस्थित जानकी आँखा अस्पतालमा बिरामीको भिड पनि बढेको छ । शुरुवाती समयमा ५÷६ जना बिरामी मात्रै आउने गरेकोमा अचेल दैनिक ७ सयदेखि ८ बिरामी आउने गरेको जानकी आँखा अस्पतालका प्रमुख डा. आशिष बोहराले जानकारी दिए ।पछिल्लो केही दिनयता आँखा पाक्ने समस्या लिएर आउने रोगीहरु १ हजारमा ७ सय देखि ८ सयसम्म आँखा पाक्ने बिरामीहरु आउने गरेको आँखा अस्पतालले जनाएको छ ।बोहराका अनुसार आँखा पाक्ने समस्या लिएर मात्रै दैनिक हजार जनासम्म बिरामी



चेकजाँचकालागि आउन थालेका छन् ।
दुई साता अगाडी आँखा पाक्ने रोगको समस्या लिएर आउने बिरामी संख्या ४०÷४५ जना मात्रै थियो । अहिले आँखा पाक्ने समस्या उच्च बिन्दुमा फैलिएको उनले बताए ।वर्षा र गर्मीको मौसम सुरू भएसँगै यो रोग अहिले देशैभर महामारीजस्तै फैलिएको छ । भारतमा पनि संक्रमण एकदमै धेरै देखिएको छ । जसरी जाडो महिनामा रूघाखोकीको संक्रमण बढ्छ, त्यस्तै आँखा पाक्ने यो समस्या पनि सिजनल फ्लु हो । बोहोराले भने, २/३ वर्षअघि पनि यसरी नै यो रोग फैलिएको थियो । पछिल्लो दुई वर्ष भने खासै धेरै देखिएन । यो एक महिनायता भने संक्रमित बढेका छन् । तर हामी आत्तिनुपर्ने, त्रसित हुनुपर्ने अवस्था छैन ।
अन्य सामुदायिक आँखा उपचार केन्द्र र गाउँका क्लिनिकहरूमा पनि यस्ता पनि बिरामी संख्या बढेको पाइएको उनले बताए ।सुरूमा आँखा बिझाउने, चिलाउने, चिप्रा टाँसिने, आँखा रातो हुने, आँशु बग्ने, घाममा हिँड्न गाह्रो हुने लगायतका यो रोगको लक्षणहरु हुन् । सावधानी अपनाइए यो रोगको संक्रमणलाई नियन्त्रणमा ल्याउन सकिने बोहरा बताउँछन् ।यो रोग लागि हाले रोगसँग लड्ने क्षमता बढी भए सामान्यतया चारदेखि पाँच दिन र कमजोर क्षमता भए बढीमा दुई सातासम्ममा निको हुने चिकित्सकहरुको भनाई छ । पहिलो चरणमै यो आँखा पाक्ने रोग हो भनेर हामीले पहिचान गर्न सक्नुपर्छ । यो एकदमै धेरै संक्रामक पनि हुन्छ । एउटा आँखाबाट अर्को आँखामा वा परिवारकै सदस्यहरूमाझ सर्दै जान्छ । त्यसलै सावधानी अपनाउन एकदमै जरूरी छ, बोहराले भने ।दोस्रो चरणमा बिहान बेलुकी पानीले आँखा पखाल्न र चिसो आइसले सेक्न डा. बोहोरा सुझाउँछन् । यति गर्दा पनि निको नभएको अवस्थामा चिकित्सकको सल्लाहअनुसार उपचार गर्नुपर्छ ।संक्रमण हुँदा हेर्न गाह्रो त हुन्छ तर दृष्टिमा खासै असर गर्दैन । यसले विशेषगरी आँखाको बाहिरी झिल्लीलाई असर गर्छ, उनले थपे, कोरोना भाइरस जसरी हावाबाट एकअर्कामा सथ्र्या, त्यसरी त यो सर्दैन । तर संक्रमितले अर्कालाई छुँदा, उसको रूमाल प्रयोग गर्दा, एउटै घरमा बस्दा सर्ने सम्भावना बढी हुन्छ । त्यसैले आँखा पाक्ने बिरामीलाई बेग्लै राख्नुपर्छ । सहजताका लागि कालो चस्मा लगाउँदा उपयुक्त हुन्छ । यसलाई सर्नबाट रोक्न बच्चाहरूलाई सकेसम्म बिरामी अवस्थामा स्कुल नपठाउन तथा रोगीहरू भिडभाडमा जान नहुने उनको भनाइ छ ।

# चार पूर्वमन्त्रीविरुद्ध पक्राउ पूर्जी



**मधेशदृष्टि**
**काठमाडौँ ।**
ललिता निवास प्रकरणमा संलग्न आरोप लागेका चार पूर्वमन्त्रीविरुद्ध पक्राउ पूर्जी जारी भएको छ ।
काठमाडौँ जिल्ला अदालतले पूर्व उपप्रधानमन्त्री विजयकुमार गच्छदार र पूर्व भूमिसुधार मन्त्री डम्बरबहादुर श्रेष्ठ, चन्द्रदेव जोशी र राज्यमन्त्री सञ्जयकुमार साहविरुद्ध पक्राउ गर्न अनुमति दिएको हो ।
हिजो सर्वोच्च अदालतले ललिता निवास प्रकरणका मुख्य निर्णयकर्ता समेतलाई अनुसन्धानको दायरामा ल्याउन सरकारलाई आदेश दिएको थियो । आदेश आएकै दिन जिल्ला अदालतले पनि चार पूर्व मन्त्रीहरुलाई पक्राउ गरी अनुसन्धान गर्न अनुमति दिएको हो । सर्वोच्चको आदेशसँगै यो प्रकरणमा पूर्व प्रधानमन्त्रीहरु माधवकुमार नेपाल र डा. बाबुराम भट्टराईमाथि पनि अनुसन्धान गर्ने बाटो खुलेको छ । ललिता निवासको सरकारी जग्गा व्यक्तिको नाममा पास गर्ने काममा संलग्न भएको भन्दै तत्कालीन सचिवहरु दीप बस्न्यात, छविराज पन्त, दिनेशहरि अधिकारी र नारायण गोपाल मलेगोविरुद्ध पक्राउ पुर्जी जारी भएको छ । तीमध्ये एक पूर्वसहसचिव सुधीर शाह पक्राउ परिसकेका छन । यस्तै, भाटभटेनी सुपरमार्केटका सञ्चालक मीनबहादुर गुरुङ, मालपोत कार्यालय डिल्लीबजारका पूर्वप्रमुख धर्मप्रसाद गौतमलगायत पक्राउ परेका छन् ।
अख्तियार दुरुपयोग अनुसन्धान आयोगका पूर्वप्रमुख आयुक्तसमेत रहेका बस्न्यात भने फरार छन् । १ सय १२ रोपनी ४ आना एक पैसा जग्गा हिनामिना प्रकरणमा चार वटा मुद्दामा प्रहरीले अनुसन्धान गरिरहेको छ ।

# कारबाही माग गर्दै प्रशासनमा ज्ञापन

## प्रहरी हस्तक्षेपप्रति गृहमन्त्री दुःखी

उपप्रधान एवम् गृहमन्त्री नारायणकाजी श्रेष्ठले तामाङ र मगर समुदायको धर्नामा भएको प्रहरी हस्तक्षेपप्रति दुःख व्यक्त गरेका छन् ।
गृहमन्त्री श्रेष्ठले घटनाको गम्भीर अनुसन्धान गरी दोषी प्रहरीलाई कारबाही गरिने र घाइतेको उपचार गर्ने प्रतिवद्धता व्यक्त गरे ।
मन्त्रालयमा तामाङ घेदुङ र मगर सङ्घका अध्यक्षसहितका प्रतिनिधिहरूको ज्ञापनपत्र बुझ्ने क्रममा गृहमन्त्री श्रेष्ठले यस्तो प्रतिबद्धता जनाएका हुन् ।
तामाङ र मगर समुदायका विषयमा विवादास्पद अभिव्यक्ति दिने अधिवक्ता भगवती पाण्डेलाई तत्काल कारवाही गर्न उजुरी दिए पनि समयमै सुनुवाइ नभएको भन्दै साउन १७ गते नेपाल तामाङ घेदुङ सङ्घीय समिति र नेपाल मगर सङ्घ केन्द्रीय समितिको ब्यानरमा टेकु प्रहरी परिसर अगाडि धर्ना दिइएको थियो । सोही धर्नामा प्रहरी हस्तक्षेप हुँदा ३६ जनाभन्दा बढी धर्नाकारी घाइते भएका थिए ।

**मधेशदृष्टि**
**वीरगंज ।**
अधिवक्ता भगवती पाण्डे शितललाई कारबाही माग गर्दै नेपाल मगर संघ र नेपाल तामाङ घेदुङ संघ पर्साले संयुक्तरुपमा जिल्ला प्रशासन कार्यालय पर्सामा ज्ञापनपत्र बुझाएको छ ।
नेपाल मगर संघका केन्द्रीय सल्लाहकार कमलबहादुर पिठाकोटे मगर, जिल्ला अध्यक्ष रमेश थापा मगर र नेपाल तामाङ घेदुङ संघका जिल्ला सचिव छेडुप लामाको नेतृत्वमा गएको टोलीले पर्साका सहायक प्रमुख जिल्ला अधिकारी भीमकान्त पौडेललाई ज्ञापनपत्र बुझाएका हुन् ।
ज्ञापनपत्रमा तामाङ र मगर समुदायलाई अपराधिकरण गर्ने गरी विवादास्पद अभिव्यक्ति दिने अभिवक्ता पाण्डेलाई कानुनबमोजिमको कारबाही गर्नुपर्ने, शान्तिपूर्ण आन्दोलनमा आफ्नो माग राख्ने क्रममा अभियान्ताहरुलाई नियन्त्रणमा लिएर अनावश्यक बल प्रयोग गरी चरम यातना दिने प्रहरीलाई कारवाही गर्नुपर्ने र साउन ४ गते आन्दोलनमा प्रहरीको चरम यातना तथा निर्घात कुटपिटबाट घाइते भएका दर्जनौं अभियनतालाई उपचार खर्चसहित उचित क्षतिपूर्तिको माग गरेको छ । टोलीमा नेपाल तामाङ घेदुङ पर्साका उपाध्यक्ष बुद्धलाल लोप्चन, महानगर अध्यक्ष मनोज लामा, ठोरी गाउँपालिका अध्यक्ष जितु तामाङ, सागर लामा, नेपाल आदिवासी जनजाति महासंघका पर्सा अध्यक्ष सोम बहादुर लामालगायतको उपस्थिति थियो ।




# मधेशमा वर्षाले राहत सुकेका धारामा पानी



**मधेशदृष्टि**
**वीरगंज ।**
लामो समयदेखि खडेरीले प्रभावित बारा, पर्सा, रौतहट लगायतका मधेशका जिल्लामा दुई दिनदेखि परेको लगातारको वर्षाले राहत भएको छ । मध्यतराईका जिल्लामा पानी नपर्दा धान रोपाइँसमेत हुन नसकेको अवस्थामा दुई दिनदेखि परेको पानीले किसानले बाँकी रहेको खेतमा रोपाइँ गरेका छन् भने वीरगंजमा पनि सुक्खा लागेर बन्द भएका खानेपानीका धारा आंशिक रुपमा भए पनि सञ्चालन भएपछि सर्वसाधारणलाई राहत पुगेको छ । लामो समयदेखि झरीसहितको वर्षा नहुँदा किसानदेखि सहरी क्षेत्रमा बसोबास गर्ने सर्वसाधारण प्रभावित भएका थिए ।
यसैबीच सुनसरीको तरहरा र मोरङको हरैँचा, विराटनगरलगायत आसपासका क्षेत्रमा आरीघोप्टे वर्षा भएको छ । गएको तीन घण्टामा भएको आरीघोप्टे वर्षाका कारण त्यस क्षेत्र भएर बग्ने नदीहरूको बहाव बढ्ने जोखिम रहेको नेपाल बाढी सूचना केन्द्रले जनाएको छ । आरीले पानी खन्याएझैँ गरी हुने वर्षालाई आरीघोप्टे वर्षा भन्ने गरिएको छ । केन्द्रले सूचना निकालेर सिंघिया खोला, खेसलिया, बुढीखोला, चिसाङ खोला, लोहन्द्रा खोलालगायत आसपासका ससाना खोलामा आकस्मिक बहाव बढ्नसक्ने भन्दै तटीय क्षेत्रमा बेलुका ७ बजेसम्म सतर्कता अपनाउन आग्रह गरेको छ । यस्तै चितवनको ठोरी, मकवानपुरको रजैँया, ओखलढुङ्गा, नवलपुर, बर्दियालगायतका क्षेत्रमा पनि ठूलो पानी परिरहेको छ । देशका सबैजसो ठाउँको मौसम बदली भई धेरै ठाउँमा पानी परिरहेको मौसम पूर्वानुमान महाशाखाले जनाएको छ । सोमबार राति कोशी, मधेश, बाग्मती र गण्डकी प्रदेशका केही ठाउँमा आरीघोप्टे वर्षाको सम्भावना रहेको महाशाखाले जनाएको छ ।

## वर्षाले राहत

महोत्तरीमा लामो समयसम्म वर्षा नभएर पानीका मुहान सुक्दै गएपछि चिन्तित स्थानीय आइतबार रातिको वर्षाले राहत महसुस भएको बताउँछन् ।
वर्षा नहुँदा खानेपानीका मुहान सुक्नुका साथै खेतीपातीका लागि सिँचाईको अभाव व्यहोर्दै आएका स्थानीयलाई गएरातिको वर्षाले मुहान रसाउने आशा जगाएको छ ।
पछिल्लो पटकको वर्षाले पानी नभएर पहेंलिँदै गएका धानको रोपो, फलपूmलका बोटबिरुवा, तरकारी, उखु, मकै, कोदोलगायत अन्नबालीलाई राहत मिलेको किसान बताउँछन् ।
'गएरातिको वर्षाले इनार, चापाकल र बोरिङसहितका पानीका मुहान अब रसाउने आश जागेको छ,' भङ्गाहाका किसान दीपबहादुर फुँयालले भने, 'अब खानेपानीको सङ्कट नबढ्ला ।' आइतबार लामो समयसम्म पानी परेकाले माटोको भित्री सतहसम्म चिस्यान पुगेको उनले बताए । जिल्लाको सुदूरउत्तरवर्ती चुरे र यसका शृङ्खलाबाट निस्कने नदी, खोल्साखोल्सी र झोराहरुमा अब पानी रसाउने सम्भावना बढ्केको उनको भनाइ थियो । "बर्दिबासका १० र गौशालाका १० भन्दा बढी बस्तीमा जडित खानेपानीका मुहान यिनै नदी, खोल्साखोल्सी र झोरा हुन्,' फुँयालले भने, 'लामो खडेरीले पानीका मुहान सुक्दैजाँदा खानेपानीको हाहाकार बढ्दै गएको थियो ।'
साउन तेस्रो सातामा परेको पानीले मुहानमा राम्ररी फुट्ने र भण्डारण ट्याङ्कीमा पानीको अभाव नहुने विश्वास बढेको बर्दिबासको साना, सहरी खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाका सचिव उदयबहादुर भण्डारीले बताए । 'पानी नपरेपछि करिब तीन महिना पानीको समस्या भयो । भण्डारण ट्याङ्की रित्तिने अवस्थामा पुगेको थियो,' उनले भने, 'वर्षा भएसँगै नदी, खोल्साखोल्सी र झोरामा पानी राम्ररी फुट्ने (रसाउने, बढ्ने) विश्वास बढ्केको छ ।'
जिल्लामा ७१ हजार हेक्टर कृषियोग्य जमिन रहेकामा ५० हजार हेक्टर धानखेतीका लागि उपयुक्त मानिन्छ ।
वर्षाको पानीले आँप, लिचीलगायत फलका नयाँ बिरुवा बढ्न सघाउने किसान बताउँछन् । भदौरे तरकारीका बेला (लहरा) पनि लहलहाउने र बतिया (चिचिला) हलक्क बढ्ने भङ्गाहाका तरकारी किसान चन्देश्वर राय दनुवारले बताए ।

# पशुपतिनाथलगायत देशभरका शिवालयमा भक्तजनको भिड

***वीरगंजलगायत देशभरका शिवमन्दिरमा दर्शनार्थीहरुको ठूलो घुइँचो लागेको छ । साउनको चौथो सोमबार वीरगंजको सानो पशुपतिनाथ, अलखियामठ, भाठास्थित दुधेश्वर महादेव मन्दिरलगायतका शिव मन्दिरमा दर्शनार्थी वर्षा र झरीबीच पनि शिवालयमा धार्मिक कार्यमा सरिक भइरहे ।***

**मधेशदृष्टि**
**काठमाडौँ ।**
सौरमासअनुसार साउने सोमबारको चौथो हप्ता सोमबार बिहानैदेखि पशुपतिनाथलगायत देशभरका शिवालयमा भक्तजन पुगेका छन् ।
साउने झरीमा रुझ्दै लाखौँ भक्तजन बिहानैदेखि पशुपतिनाथलगायत देशभरका शिवालयमा पूजा, आराधना एवम् दर्शनका लागि लाममा बसेका हुन् । साउनको सोमबार पशुपतिनाथमा भक्तजनको भीड लाग्ने भएकाले बिहान ३ बजेदेखि नै चारै ढोका खुला गरिएको पशुपति क्षेत्र विकास कोष संस्कृति संरक्षण महाशाखा प्रमुख गौरीशङ्कर पराजुलीले जानकारी दिए ।
पशुपतिनाथ मन्दिरमा रातो र हरियो पहिरनमा सजिएका सोमबारका बर्तालु महिला भक्तजनको बढी भीडभाड देखिन्छ । सोमबारकै अवसरमा सुन्दरीजलबाट शुद्ध जल ल्याई पशुपतिनाथ मन्दिरमा अर्पण गर्ने भक्तजनको लाम पनि लामो रहेको उनले जानकारी दिए ।
बोल बम यात्रीका लागि एउटै ढोकाबाट जल चढाएर फर्कने व्यवस्था गरिएको छ ।
बोल बम यात्री सुन्दरीजलमा शुद्ध जल लिन आइतबार बेलुकी नै बागमतीको मुहानस्थल पुगेका थिए । बिहान सबेरै स्नान गरी शुद्ध जल लिएर आएका भक्तजनले अहिले जल अर्पण गरे । बेलुकी भक्तजनको लाम रहेसम्म चारै ढोका भक्तजनको दर्शनका लागि खुला गरिएको थियो । साउन महिनामा अधिकमास परेकाले व्रत बस्नु हुने वा नहुनेमा धर्मशास्त्रीबीच मतान्तर रहेको छ ।
प्रत्येक वर्ष साउन महिनाको सोमबार नियमित रुपमा गरिने कर्म भएकाले यो व्रत गर्नुहुने विश्वासमा धेरै भक्तजनको शिवालयमा लाम लागेको हो । यस वर्ष साउन महिनामा पाँच सोमबार परेको छ । साउनको सोमबार व्रत गर्नेले अन्तिम सोमबार व्रत उद्यापनका लागि गोदान, पूर्णपात्र वा पूजा लगाउने धार्मिक विधि रहेको छ । साउन महिना र सोमबार भगवान् शिवको महिना एवम् बार मानिने भएकाले यस दिन शुद्ध जल चढाएमा आशुतोष भगवान् प्रसन्न भई मनोकामना पूरा गरिदिनुहने धार्मिक विश्वास छ । देशभरका ठूला, साना शिवालयमा पनि भक्तजनको लाम लागेको जनाइएको छ ।

# फुटबल प्रशिक्षक श्रेष्ठको निधन



**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंजका फुटबल प्रशिक्षक हरिबहादुर श्रेष्ठको निधन भएको छ । श्रेष्ठको आइतबार राति नेशनल मेडिकल कलेजमा ७५ वर्षको उमेरमा निधन भएको हो ।
दुईवर्षअघि मुटुको उपचार गराएका उनको स्वास्थ्य अवस्था सामान्य नै रहेपनि अचानक स्वास्थ्यमा समस्या आएपछि नेशनल मेडिकल कलेजमा उपचारका लागि लगिएको थियो ।
श्रेष्ठको उपचारक्रममा अस्पतालमै निधन भएको परिवारजनले बताएका छन । उनको अशोक वाटिकास्थित घाटमा अन्त्येष्टि गरिएको छ । श्रेष्ठको पार्थिव शरीरमा पर्सा जिल्ला फुटबल संघले झण्डा ओढाएर अन्तिम श्रद्धाञ्जली दिएको थियो । संघका अध्यक्ष अनिल कलवारलगायत पदाधिकारीले झण्डा ओढाएर श्रद्धाञ्जली दिएका थिए ।
२००५ सालमा जन्मिएका श्रेष्ठ जिल्ला खेलकुद विकास समिति पर्साको फुटबल प्रशिक्षकका नियुक्त भई सेवानिवृत्त भएका थिए ।
४० वर्ष प्रशिक्षकका रुपमा सक्रिय थिए । श्रेष्ठको निधनले पर्सा जिल्ला तथा वीरगंजले फुटबलको अभिभावक गुमाएको वीरगंज महानगरपालिका नगर प्रमुख राजेशमान सिंहले बताए । उनको निधनले पर्सामा मात्रै नभई समग्र फुटबल क्षेत्रमा नै अपुरणीय क्षति भएको सिंहले बताए ।

# समाजवादीमा मनोनयन र कार्यविभाजन

**मधेशदृष्टि**
**वीरगंज ।**
समाजवादी प्रेस संगठन नेपालको दोस्रो पदाधिकारी बैठकले संगठन सुदृढिकरणका लागि सल्लाहकार समिति, महिला समिति, विदेश समिति, संगठन समिति, लगायतका दुई दर्जन बढी समिति, आयोग र पुरस्कारको घोषणा गरेको छ ।
संगठनका अध्यक्ष विश्वमणि सुवेदीको अध्यक्षतामा साउन २० गते सम्पन्न केन्द्रीय समितिको बैठकले सल्लाहकार समितिका शम्भु श्रेष्ठ, किशोर श्रेष्ठ, चमिना भट्टराई, बोधराज त्रिपाठी, भूपराज खड्का, भरतराज पोखरेल, टंक पन्त, विनोद ढुंगेल, सुवास खतिवडा, रोहित दाहाल, जीवन बिसी, कौशल चेम्जोङ, अमृतनाथ तिमल्सिना, प्रकाश खतिवडा, श्याम रिमाल, नवराज सुवेदी, शीतल साह लगायतका ३४ जनालाई चयन गरेको छ भने रिक्त रहेको महिला केन्द्रीय सदस्यहरुमा बाराकी शारखा पोखरेलसहित १० जनालाई मनोनीत गरेको छ ।
त्यसैगरी, आदिवासी जनजाति केन्द्रीय सदस्यतर्फ कुबेर गुरुङ सहित ५ जना, दलित आरक्षण केन्द्रीय सदस्यतर्फ ३ जनालाई चयन गरेको संगठनका महासचिव रामकुमार एलनद्वारा जारी गरिएको प्रेस नोटमा उल्लेख छ ।

# अध्यक्ष जेनेभा प्रस्थान

**रासस**
**काठमाडौँ ।**
नेपाल कम्युनिष्ट पार्टी एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाल स्वीट्जरल्याण्डको जेनेभातर्फ प्रस्थान गरेका छन् । प्रवासी नेपाली एकता मञ्च युरोपद्वारा स्वीट्जरल्याण्डलगायतका विभिन्न देशमा आयोजना हुने विभिन्न कार्यक्रममा सहभागी हुन उनी प्रस्थान गरेका हुन् ।
पूर्वप्रधानमन्त्रीसमेत रहेका



अध्यक्ष नेपाल आगामी भदौ १ गते स्वदेश फर्किने कार्यक्रम रहेको उनका निजी सचिव मोहन गौतमले जानकारी दिए । अध्यक्ष नेपालको अनुपस्थितिमा अध्यक्षको जिम्मेवारी पार्टीका उपाध्यक्ष एवम् कृषि तथा पशुपन्छीमन्त्री डा. वेदुराम भुसाललाई सम्हाल्ने जनाइएको छ ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित वीरगंज महानगरपालिका-१५, दर्ता नं. ३११-०७९/८०, सम्पर्क मो. नं. ९८५५०२१२८१, कार्यालय : जनकपुरधाम-२, भानु चोक, किशोरी नगर, फोन नं. ०४१-५९०२८९, Email: madheshdristi@gmail.com, अध्यक्ष : ध्रुव साह, सम्पादक : रामकुमार एलन